# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

दलित जातिका विद्यार्थीहरुको परीक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्व एक अध्ययनका निम्ति छनौंट गरिएको छ । यस विषयलाई समय सापेक्ष र सरकारको विद्यालय शिक्षा सम्वन्धित विशेष नयाँ अवधारणा भएकै कारण अध्ययनको निम्ति छनौट गरिएको हो । गरिव विद्यार्थीहरुलाई शिक्षा ऐन नियमवालीमा विशेष व्यावस्था नभएको भने होईन तर पनि आशातित परिवर्तन ल्याउन सकेन ।

दलित जातिका विद्यार्थीहरुका सिकाइ उपलब्धि बढाउन जातिय विभेदको उन्मुलन गराउन दलित छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक एवं निःशुल्क शिक्षा उपलब्ध गराउने कार्यक्रमहरु सञ्चालन भैरहेको पाईन्छ । तथापी दलित जातिका वालवालिकाहरुको शिक्षामा न्यून रुपमा मात्रै सहभागिता देखिन्छ । भर्ना भएका मध्ये पनि कति पयले बीचैमा कक्षा छाड्ने ,अनुत्तिर्ण हुने र उतिर्ण भएका विद्यार्थीहरुका प्राप्ताङ्क अवस्था न्युन हुनका साथै यी छात्र छात्राहरुले अन्य जातिका छात्र छात्राहरु सरह सिकाइ उपलब्धि हासिल गर्न नसकेको देखिन्छ । यसै परिप्रेक्षलाई मध्यनजर राखि भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्र भरिलाई अध्ययन क्षेत्र वनाइ दलित जातिका विद्यार्थीहरुका सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरुको खोजी गर्ने प्रयास गरिएको छ ।

दलित जातिका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्व एक अध्ययनवाट प्राप्त गरिएका प्राप्तिहरु तथा सुझावहरुवाट सिकाइ उपलब्धिमा थप सुधार हुने छ भन्ने ठहर यो सोधार्थीको रहेको छ ।

मानव जीवनको अभिन्न अंगको रुपमा रहेको शिक्षा कुनै न कुनै रुपबाट प्राचीनकालदेखि नै सञ्चालन हुँदै हालसम्म आइपुगेको पाइन्छ । व्यक्ति, समाज र समग्र राष्ट्रकै विकासको मेरुदण्डको रुपमा शिक्षालाई स्वीकार गरी यसतर्फ सबै पक्षको चासो बढ्दै गएको देखिन्छ । प्राचीन कालमा आर्य परम्परा अनुसार वैदिक तथा शास्त्रीय शिक्षा हुँदै संस्कृत र त्यसपछि नेपाली शिक्षाको परम्परा हुँदै आजको युगमा पूर्वीय शिक्षा पुगेको पाइन्छ । वौद्ध धर्मबाट अनुप्राणित बौद्ध शिक्षा पनि आफ्नै रीति अनुसार चलेको देखिन्छ भने ग्रीक र रोम हुँदै विकास भएको पाश्चात्य शिक्षाले आज सर्वत्र जरो गाडिसकेको देखिन्छ । नेपालको शैक्षिक विकास हेर्ने हो भने प्राचीन वैदिक एवं संस्कृत शिक्षाको पितृकूल, ऋषिकूल, राजकूल, गुरुकूल पद्धति हुँदै विं. सं १९१० मा राणा प्रधानमन्त्री जंगबहादुरबाट

थापाथली दरबारमा अंग्रेजी स्कूलको स्थापना गरे जसबाट आधुनिक शिक्षाको शुरुवात भएको दैखिन्छ ( पौडेल, २०५१ ) ।

वि.सं. १९१० मा जङ्गवहादुरले थापाथली दरवारको दाख चोकमा अंग्रेजी माध्यमबाट आफ्ना सन्तानहरुका लागि स्कुलको स्थापनासँगै नेपालमा आधुनिक शिक्षाको शुरुवात हुन पुग्यो (पौडेल, २०५१, १९४) । शुरुमा राणाहरुका सन्तानका लागि मात्र खुला भएको शिक्षा पद्धति रानीपोखरी छेउको संस्कृत प्रधान पाठशालाको स्थापनासँगै जनताका छोरा छोरीसम्म पुगेको देखिन्छ भने देव शमशेर र पद्म शमशेरको शिक्षा प्रतिको उदार नीतिका कारण देशका विभिन्न स्थानहरुमा संस्कृत पाठशाला र आधार स्कुलहरुको स्थापना हुन पुग्यो । वि.सं २००७ सालमा प्रजातन्त्रको स्थापना भई सर्वत्र विद्यालयहरु खुल्दै परिमार्जन हुँदै नेपालमा तीव्र रुपमा शैक्षिक विकासको थालनी भयो (पौडेल, २०५१) । वि.सं.२०२८ मा नयाँ शिक्षा पद्धतिको योजना लागू भई यसमा अझ व्यापकता थपिन पुग्यो भने वि.सं.२०४६ को जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्स्थापना पछिका वर्षहरुमा यसले अझ व्यापकता पाई देशका कुना कुना प्रत्येक गा.वि.स.का वडा वडामा विद्यालयहरु खुल्न पुगेको पाइन्छ । जसबाट वर्तमान अवस्थासम्म आइपुग्दा नेपालको शैक्षिक विकासले निकै ठूलो फड्को मारेको अनुभूति हुन्छ ।

विं.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात निर्माण भएको नेपाल अधिराज्यको संविधान २०४७ ले महिला, बालबालिका, अपाङ्ग, दलित तथा पिछडिएका जात जातिहरुका लागि राज्यले संरक्षण गर्न सक्ने किसिमको नीतिलाई अंगीकार गऱ्यो । (नेपाल अधिराज्यको संबिधान, २०४७) यसै सन्दर्भमा नेपालको विद्यालयीय शिक्षामा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम हुँदै हालसम्म आइपुग्दा प्राथमिक तहका लागि सबैका लागि शिक्षा कार्यक्रमहरु अघि सारिएको देखिन्छ ।

विद्यालय शिक्षामा यिनै कार्यक्रमहरु मार्फत लैङ्गिक तथा जातीय विभेदको उन्मूलन गर्ने उद्देश्य अनुरुप दलित तथा छात्रा छात्रवृत्ति, नि.मा.वि.तहका दलित जातिका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक एवं निःशुल्क शिक्षा उपलब्ध गराउने कार्यक्रमहरु समेत सञ्चालन भइरहेको पाइन्छ । एकातिर दलित जातिका बालबालिकाहरुका लागि यस किसिमका कार्यक्रमहरु सञ्चालन भैरहेका छन् भने अर्कातिर दलित जातिका बालबालिकाहरुको सिकाइ उपलब्धि न्युन देखिन्छ । भर्ना भएका बालबालिकाहरु मध्ये पनि

कतिपयले बीचैमा विद्यालय छाड्ने र माथिल्ला कक्षाहरुसम्म अध्ययन नगर्ने गरेको अवस्थाका साथै अध्ययनरत यी छात्र छात्राहरुले पनि अन्य जातिका छात्र छात्रा सरह सिकाइ उपलब्धि हासिल गर्न नसकेको र नि.मा.वि.तह पूरा गर्दा सिकाइ उपलब्धि न्युन रहेको अवस्था विद्यमान देखिन्छ । यसै परिप्रेक्ष्यमा दलित जातिका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु के कस्तो रहेको छ भन्ने पत्ता लगाउन अध्ययन अनुसन्धान हुन आवश्यक देखिएकाले यस अध्ययनमा नमूनाको रुपमा भोजपुरको वालंखा र वयांग स्रोतकेन्द्रमा कक्षा ८ उत्तीर्ण दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिको विश्लेषण गरी प्रभाव पार्ने तत्वहरुको खोजी गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

राष्ट्रको सर्वाङ्गीण विकासका लागि शिक्षा अनिवार्य एवं अपरिहार्य विषय हो । राष्ट्रलाई अग्रंपंक्तिमा पुऱ्याउनका लागि यहाँका सम्पूर्ण जाति जनजातिहरुको महत्वपूर्ण भूमिका रहन्छ । समतामूलक समाजको निर्माणका लागि सबै जात जातिहरुको समान सहभागिता रहनु पहिलो शर्त पनि हो । यहाँको २०६६ सालको शैक्षिक तथ्याङ्क हेर्ने हो भने दलित विद्यार्थी कक्षा १-५ मा जम्मा ५००५ जना भएकोमा कक्षा ६-८ मा जम्मा ९३६ र ९-१० मा पुग्दा २७९ जना मात्रै पुगेको देखिन्छ (स्टाटसरिपोर्ट२०६६)।

यसरी प्रा.वि. तहमा धेरै जना दलित जातिका विद्यार्थीहरु सहभागी भए पनि सिकाइ उपलब्धि न्युन हुनु एक महत्वपूर्ण समस्याका रुपमा देखिएको छ ।

यसै तथ्यलाई हृदयंगम गरी राष्ट्रिय तथा अन्य क्षेत्रबाट समेत खोज हुनुपर्ने दलित जातिका विद्यार्थीहरुको जिल्ला स्तरिय परीक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु सम्वन्धमा भोजपुर जिल्लामा हालसम्म कुनै पनि खोज अनुसन्धान भएको नदेखिएको हुँदा यस विषयमा अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालयीय शिक्षामा दलित जातिका विद्यार्थीहरुको सिकाइ उपलब्धि न्युन रहेको वर्तमान अवस्थामा दलित जातिका बालबालिकाहरुको सिकाइ उपलब्धि औसत सिकाइ उपलब्धिको तुलनामा के कस्तो रहेको छ ? सिकाइ उपलब्धिमा प्रभाव पार्ने के कस्ता सकारात्मक तथा नकारात्मक कारक तत्वहरु रहेका छन् र नकारात्मक तत्वहरुलाई हटाउने उपायहरु के के हुन सक्छन् ? भन्ने पत्ता लगाई दलित जातिका विद्यार्थीहरुको सिकाइ

उपलब्धि बृद्धि गर्न यस अध्ययनले सहयोग पुऱ्याउनेछ । यसबाट दलित जातिको शिक्षामा पहुँच बृद्धि भई समतामूलक समाजको स्थापनामा सहयोग पुग्नुका साथै भविष्यका अध्यताहरुलाई समेत आधार प्रदान गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उदेश्य भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्रका दलित जातिका विद्यार्थीहरुको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु के कस्तो रहेको छ भनी पत्ता लगाउनुका साथै त्यसमा रहेका सकारात्मक र नकारात्मक पक्षहरुको पहिचान गर्नु रहेको छ । बुदांगत रुपमा यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् ।

क) दलित विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्नु ।

ख) दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वको विश्लेषण गर्ने ।

ग) दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएका समस्याहरु पहिचान गरी सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

क) दलित विद्यार्थीको सिकाइ उपलब्धिको अबस्था कस्तो रहेको छ ?

ख) दलित विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु के कस्ता हुन सक्छन् ?

ग) दलित विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएका समस्याहरु कसरि समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न भोजपुर जिल्लाको वालंखा र वयाङ्ग स्रोतकेन्द्रभित्र संचालित सामुदायिक विद्यालयहरु र त्यसमा अध्ययनरत दलित विद्यार्थीहरुमा सिमित गरिनेछ ।

निम्न माध्यमिक तहमा अध्ययनरत दलित जातिका विद्यार्थीहरुको २०६६, ०६७, ०६८ सालको कक्षा ८ को सिकाइ उपलब्धिलाई मात्र सिमित गरिएकोछ । दलित छात्र

छात्रामा कामी, दमाई र सार्कीलाई अध्ययनको सिमाभित्र पारिएको छ । छनौट गरिएका विद्यालयहरुको विगत ३ वर्षको परीक्षाका सिकाइ उपलब्धिको लेखाजोखा र छानिएका विद्यालयहरुसँग सम्बन्धित व्यक्तिहरुबाट प्राप्त तथ्याङ्क विश्लेषणको आधारमा आएको निष्कर्ष एवं सुझावहरुको सामान्यीकरण गर्न नसकिने हुँदा यसै वालंखा र वयाङ्ग स्रोतकेन्द्रभित्रको हकमा मात्र सीमित रहने छ ।

## १.७ सम्बन्धित बुदाहरुको परिभाषा

यो अनुसन्धानमा उल्लेख गरिएका निम्न शब्दहरुको अर्थ अन्यत्र जुनसुकै रुपमा प्रयोग भएता पनि यस अध्ययनको हकमा निम्न अनुसार हुने छ ।

| | |
|---|---|
| अध्यक्ष | विद्यालय व्यवस्थापन समितिका अध्यक्ष |
| सदस्य | विद्यालय व्यवस्थापन समितिका सदस्य |
| ऐन | शिक्षा ऐन (संशोधन सहित) |
| नियमावली | शिक्षा नियमावली (संशोधन सहित) |
| संविधान | नेपाल अधिराज्यको संविधान |
| जिल्लास्तरीय परीक्षा | निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) |
| स्रोतव्यक्ति | विद्यालय अनुगमन निरीक्षणका लागि तोकिएको स्रोतव्यक्ति |
| दलित विद्यार्थी | नेपाल सरकारले छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि तोकेका दलित जातिका विद्यार्थीहरु |
| शुद्ध उत्तीर्ण | सबै विषयमा न्युनतम् अंक उत्तीर्णाङ्क ल्याउने |
| उत्तीर्ण | विषय लागेर समेत उतारित |

# परिच्छेद दुईः सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१.१ सम्वन्धित साहित्यको पुनरावलोकन

विभिन्न रचनाहरुको सामान्य रुपमा अध्ययन गरिए पनि यस अध्ययनलाई सहयोग पुग्ने गरी विस्तृत रुपमा अध्ययन गरिएका शोध, अनुसन्धानात्मक कृति र रचनाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

थापा (२०५८) का अनुसार हुम्ला जिल्लाका दलित समुदायहरुको शिक्षामा के कस्तो पहुँच छ भनी गरिएको शोधपत्रले राखका उद्देश्यहरु हुम्ला जिल्लाका प्राथमिक विद्यालयमा दलित समुदायका विद्यार्थीहरुको स्थितिको लेखाजोखा गर्ने । प्रा.वि.मा दलित विद्यार्थीको प्रतिनिधित्व कम हुनुका कारण खुट्याउने । प्रा.वि.मा दलित समुदायका विद्यार्थीहरुको संख्या बढाउने उपाय पत्ता लगाउने थियो ।

सर्वेक्षणमा आधारित भएर गरिएको यो शोधपत्र वर्णनात्मक खालको रहेको छ । हुम्ला जिल्लामा सञ्चालित १११ प्रा.वि.मध्ये समुदाय भेग , तल्लो भेग र वीचको भेग गरि तीन भागमा बर्गिकरण गरेर दलित समुदाय बढी भएको विद्यालय एकिन गरि गोला प्रथाद्वारा कक्षा १-३ सञ्चालित १५ वटा विद्यालयहरु नमूना जनसंख्याको रुपमा छनौंट गरी अध्ययन गरिएको पाईन्छ । नमूनामा परेको १५ वटा विद्यालयका ३ शैक्षिक सत्र (२०५५/५६ देखि २००५७/५८ ) को तथ्याङ्क विवरण फारम , परीक्षा विवरण , १५ विद्यालयका ३० जना शिक्षक ,३० जना अभिभावक र ३० जना विद्यार्थी तथा १५ जना प्र.अ.लाई नमुना जनसंख्याको रुपमा लिएर अध्ययन गरिएको छ । शिक्षक अभिभावक र विद्यार्थीहरुलाई १२/१२ वटा प्रश्न समावेश भएको प्रश्नावली भरेर राय संङ्कलन गरि प्राप्त तथ्याङ्कलाई तालिका , स्तम्भ चित्र र वृत्त चित्रमा प्रस्तुत गरि व्याख्या र विश्लेषण गरिएको छ ।

यस अध्ययनका मुख्य मुख्य प्राप्तिहरु दलितहरुको विद्यार्थी संख्या कम रहेको । छात्रको दाँजोमा छात्राको संख्या न्यून रहेको । दलित विद्यार्थी प्रतिशत कम रहनुका साथै बीचैमा विद्यालय छाड्ने दर बढी रहेको । दलित बालबालिका विद्यालय नपठाउनुमा प्रमुख कारण आर्थिक अवस्था रहेको । सरकारबाट दिइएको छात्रबृत्तिले खासै समस्या समाधान गर्न

नसकेको । विद्यालय जानुभन्दा हातमुख जोर्नका लागि गाईवस्तु हेर्न तथा मजदुरी गर्न जाने गरेको । ९५% दलित अभिभावक निरक्षर हुनाले विद्यालयमा पढेर के हुन्छ ? काम गरेर खान पाइन्छ भन्ने धारणा रहेको । ठूलो जातको घरमा काम गर्न जानुपर्ने र ठूला जातिका मानिसहरुले समेत सकभर नपढुन् भन्ने चाहना राख्ने गरेको । अन्तिम परीक्षामा ज्यादै कम मात्र विद्यार्थी सम्मिलित हुने गरेको ।

अध्ययनको अन्तमा प्रस्तुत गरिएका मुख्यमुख्य सुझावहरु निम्नानुसार रहेको पाइन्छ । दलित समुदायको घरधुरी सर्भेक्षण गरी वास्तविक आर्थिक, सामाजिक, शैक्षिक अवस्थाको आधारमा उपचारात्मक खोज गरिनुपर्ने । दलित समेतको संलग्नतामा पाँच वर्षे योजना निर्माण गरिनुपर्ने । सामाजिक भेद हटाउन तथा शैक्षिक चेतना अभिबृद्धि गर्न व्यापक रुपमा प्रचारप्रसार र गोष्ठी सञ्चालन गर्ने । दलित समुदायलाई प्रेरणा दिन दलित शिक्षकको अनिवार्य व्यवस्था गरिनुपर्ने । पढी सकेपछि रोजगारीको ग्यारेन्टी हुनुपर्ने । सरकारी रुपमा प्रदान गरिदैं आएको छात्रबृत्तिको रकम बृद्धि गरिनु पर्ने भन्ने निष्कर्ष निकालिएको छ ।

नेशनल सेन्टर फर एजुकेशनल डेभलपमेन्ट (२०६३) का अनुसार डिएजि फलोसिप प्रोग्राम सानोठिमि, भक्तपुरको अनुसन्धान प्रतिवेदन शिक्षक शिक्षा आयोजना अन्तरगत दलित तथा उत्पीडित जातिहरुका लागि सञ्चालित प्राथमिक शिक्षक पूर्व सेवाकालीन तालिमका लागि प्रदान गरिने छात्रबृत्ति कार्यक्रमको प्रभावकारिता/ प्रगति/ अवस्था अध्ययन गर्ने क्रममा तयार पारिएको यस अनुसन्धान प्रतिवेदनका उद्धेष्यहरु क) तालिम प्राप्त ब्याक्तिका रोजगारीको स्थिति अध्ययन गर्नु । ख) तालिम कार्यक्रमको सान्दर्भिकता अअध्ययन गर्नु । ग) आउदा दिनमा गर्नु पर्ने सुधार तथा कार्यान्वयनको सिफारिस गर्नु हुन् ।

यस अध्ययनका प्राप्ति र सुझावहरु क) छात्रबृत्ति प्राप्तहरुले समेत अस्थायी तथा स्थायी शिक्षकका लागि प्रतिस्पर्धा गर्नका लागि सरकारद्वारा एकद्धार प्रणाली निति साथै शिक्षक सेवा आयोगले वेला वेलामा शिक्षक प्रतियोगिता खोल्ने नीति अवलम्बन गरिनुपर्छ । ख) तालिम उम्मेद्धार छनौट प्रक्रियाः विद्यमान छनौटका आधारमा जिल्लाका दुर्गम ठाउँहरुका दलितहरुलाई प्राथमिकता दिइनु पर्छ । त्यसमध्ये पनि महिला शिक्षक नभएका क्षेत्रलाई प्राथमिकता क्रममा राख्नु पर्छ । सम्बन्धित गाउँ विकास समिति तथा विद्यालय व्यवस्थापन समितिबाट छात्रबृत्ति पाउने महिलाले तालिम प्राप्त गरेपछि विद्यालयमा खाली हुने दरबन्दीमा नियुक्तिका लागि प्रतिबद्धता गराउनु पर्छ । महिला शिक्षक अनुपात कम

भएका अन्य जिल्लाहरुमा पनि यो छात्रबृत्ति कार्यक्रम विस्तार गरिनु पर्ने नीति अवलम्बन गरिनुपर्छ । ग) परीक्षा प्रणाली: एकैदिनमा १ भन्दा बढी विषयवस्तुहरुको परीक्षा सञ्चालन गरिनु हुन्न । घ) तालिम केन्द्र: तालिमका लागि दक्ष प्रशिक्षकहरु तथा उपयुक्त भौतिक पूर्वाधार भएको निजि प्राथमिक शिक्षक तालिम केन्द्रलाई मात्र तालिम सञ्चालन गर्ने अनुमती दिइनु पर्छ र शैक्षिक जनशक्ति विकास केन्द्रले पनि तालिम सञ्चालन गर्न आवश्यक न्यूनतम उपकरण र सामग्री व्यवस्थाका लागि सहयोग पुऱ्याउनु पर्दछ । ङ) अनुसन्धान: पूर्वसेवाकालीन प्राथमिक शिक्षक तालिमको डिएजि

छात्रबृत्ति शिक्षक शिक्षा आयोजनाको चौथो कम्पोनेन्ट हो यस अन्तरगत पहुँच सम्बन्धी अनुसन्धान तत्काल गरिनुपर्छ ।

कोइराला (२०६३) का अनुसार लेखिएको "संविधानसभा, राज्यको पुनर्संरचना र दलित" शीर्षकका लेख "राष्ट्रिय दलित महासंघ नेपाल" केन्द्रीय कार्यालय टेकूद्वारा प्रकाशित "समावेशी मञ्च" को वर्ष-१, अंक-२, असोज-मंसीर २०६३ मा प्रकाशन भएको हो जसमा संविधान सभामा दलितको के कस्तो स्थान रहनुपर्छ भन्ने कुरामा प्रस्तुत लेखले जोड दिएको छ ।

प्रस्तुत लेखले २००४ सालमा पद्म शम्शेरबाट शुरु भएको संविधान सभाको उठानलाई राजा त्रिभुवन, नेपाली कांग्रेस हुँदै हाल २०६२ को जनआन्दोलन-२ सम्म पुग्दाको संविधानसभाको चिन्तनलाई स्पष्ट पार्न खोजेको छ । संविधान सभा, राज्यको पुनर्संरचना र पुनर्संरचनामा दलितको स्थान सम्बन्धमा यस लेखमा चर्चा गरिएको छ । राज्यको पुनर्संरचनाको विभिन्न कोणबाट विश्लेषण गरिएको छ । पृथ्वीनारायण शाहको एकीकरण, राणाहरुको मौजा, गढी, गौडा, पञ्चायती शासनको गाउँ पञ्चायत, जिल्ला पञ्चायत, माओवादीको जनसरकार आदि सबै पुनर्संरचनाका रुपहरु हुन् यसर्थ संविधानसभा मार्फत कसरी पुनर्संरचना गर्ने भन्ने सवाललाई मसिनो ढंगमा प्रस्तुत गरिएको छ । संविधान सभाामा दलितको स्थान सम्बन्धमा डा. कोइरालाले बहस चलाउनुपर्ने उद्देश्य राखेको देखिन्छ । (क) संविधान सभाका सभासदहरुको संख्या कति हुने ?(ख) सभासद लिने प्रक्रिया कस्तो हुने ?(ग) जनसंख्याको आधारमा वा जातिय , लिंगिय आधारमा सभासद वनाउने ? (घ) सभासदहरुको संख्या थोरै भए सवै दलितहरुको विचार संग्रह गर्ने संयन्त्र के वनाउने ? (ङ) वहस कसरि जनताको घर दैलोसम्म पुऱ्याउने ?

यसरी नै राज्यको पुःन संरचनामा दलितलाई लैजाने भन्ने विषयमा डा.कोईरालाले यथार्थपरक भएर प्रस्तुत हुनुभएको देखिन्छ । रँज्यको पुःन संरचना विभिन्न कोणहरुवाट बहस चलेको विषय हुनाले हालको सोचलाई निम्नअनुसार समेटेको पाईन्छ ।

(क) जातिय पुःन संरचना ,

(ख) भाषिक पुःन संरचना ,

(ग) संघिय पुःन संरचना,

उल्लेखित पुःन संरचनामा दलितहरुको स्थान कहाँ छ भनी डा.कोईरालाले यथार्थपरक भएर प्रस्तुत हुनुभएको देखिन्छ । दलित जातिको आफ्नो राज्य छुट्टै भाषा र छुट्टै ईलाका क्षेत्र नभएको हुँदा माथि उल्लेखित जुनसुकै संरचना भएपनि समेट्न नसक्ने हुदा राज्यको जुनसुकै पुःन संरचना हुंदा पनि निम्न ६ वटा उपायहरु मार्फत दलितको अधिकार निश्चित भएको हुनुपर्दछ भनि निष्कर्ष दिएको पाईन्छ । (क) आरक्षणको व्यवस्था (ख) दलित मण्डलको व्यवस्था (ग) छुवाछुतको अन्त्य (घ) क्षतिपूर्तिको व्यवस्था (ङ) समावेशीकरण (च) दलित मनोनयन गरिनु पर्ने देखिन्छ ।

संविधान सभा मार्फत दलितलाई निम्न अवस्थावाट अघि ल्याउने डा.कोईरालाको सोच देखिन्छ । (क) दलितको प्रतिनित्व सुनिश्चित गर्ने (ख) दलितले दलित प्रतिनिधि छान्ने व्यावस्था (ग) गैर दलितले दलित र दलितले गैर दलित छान्ने व्यावस्था (घं) राजनीतिक दलहरुले आ-आफ्नो कोटावाट दलित छान्ने व्यावस्था (ङ) आरक्षित क्षेत्र वनाउने व्यावस्था (च) जनसंख्याको अनुपातमा दलितको प्रतिनिधित्व गराउने व्यावस्था

अन्तमा “भोलिको बाटो” शीर्षकमा केही सुझावहरु प्रस्तुत गरेका छन् । जुनसुकै किसिमले राज्यको पुनर्संरचना भए पनि दलितको उचित स्थान हुन नसक्ने अवस्था भएको हुँदा आरक्षण, दलित मण्डल, छुवाछुतको अन्त्य, क्षतिपूर्ति व्यवस्था, समावेशीकरण र दलित मनोनय अर्थात षड्खम्बा उठाउनु नै दलितका लागि पुनर्संरचनामा स्थान दिनु हो भन्ने कुरालाई जुन सुकै संरचनामा पनि व्यवस्था गरिनुपर्छ र त्यसलाई दलित समुदायले जोडदार रुपमा उठाउनुपर्छ दलितको अधिकार सुनिश्चित गर्न संविधान सभाको निर्वाचनमा दलितले निम्न वाटाहरु अपनाउन सुझाव दिएका छन् ।

क) संविधान सभाका सभासदहरुको संख्या थाहा पाउने । (ख) सभासद संख्यामा दलितको प्रतिनिधीको संख्यात्मक अनुपातलाई दलितवस्तिमा पुऱ्याउने ।

(ग) दलित प्रतिनिधित्वको संख्यात्मक अनुपातलाई दलित वस्तिमा पुऱ्याउने । (घ) दलितहरुलाई भाग सुरक्षित गर्न खवरदारी गराउने । (ङ) गैर दलितलाई दलित पक्षिय वाटोमा लगाउने । (च) दलित प्रतिनिधित्वको तय गर्ने । (छ) अन्तर दलित विवाद नदोहोरिने गरि दलित समुहलाई आश्वस्त गराउने । (ज) संविधान सभाले वनाउने संविधानमा षडखम्वे सोच ल्याउने । (झ) जनतालाई सुसुचित गराउने ।
(ञ) संविधान सभाका सवै सभासदहरुलाई मतैक्यताका विन्दुहरु वारे जानकारी गराउने । (ट) जनसम्पर्क र जनसुचना केन्द्रहरु स्थापना गराउने ।
(ठ) खवरदारी समुह वनाउने-अहिंसात्मक किसिमको ।

यस प्रकार संविधान सभा राज्य पुःन संरचनाको ऐतिहासिक चित्र र विभिन्न मुलुकमा भएको प्रयोग सम्वन्धमा चर्चा गर्दै मुख्यतः दलित जातिको संविधान सभामा हुने प्रतिनिधित्व र तत्पश्चात दलितको अधिकार सुनिश्चितताका लागि गर्नु पर्ने उपाय तथा पुःन संरचना भित्र दलितको स्थान सम्वन्धमा डा.कोईरालाले प्रस्तुत लेखमा चित्रण गर्नु भएको स्पष्ट छ ।

डी.वि. सागर (सन् २०००) का अनुसार "नेपालमा दलित उत्थानका जल्दाबल्दा सवालहरु" मा लेखक डी.वि. सागरले दलित हुनु परेको अवस्था र स्थितिलाई परिचयात्मक रुपमा प्रस्तुत गर्दै "सामाजिक रुपमा अपमानित, अपहेलित तथा आर्थिक रुपमा शोषणमा परेका कथित तल्ला जात वा पानी अचल गरिएका निमुखा, सोझा श्रमजीवि रुपमा चिनिने समुदाय नै दलित हुन् ।" भनी स्पष्ट पार्न खोजेका छन् । पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि लिएर २०४६ सम्मका जुनसुकै जनअभियानमा योगदान पुऱ्याएका दलितहरुका लागि कुनै पनि उपलब्धि हासिल हुन नसकेको हुँदा नेपाल भित्र बसोबास गर्ने करिब ४५ लाख दलित अन्यायमा परेको यथार्थ प्रस्तुत गर्दै आरक्षणको पक्षमा वकालत गरेको पाइन्छ ।

देशको गरिबीको रेखा मुनी रहेका अधिकांस मानिस दलित अन्यायमा परेको यथार्थ प्रस्तुत गर्दै आरक्षणको पक्षमा वकालत गरेको पाइन्छ ।

देशको गरिबीको रेखा मुनी रहेका अधिकांस मानिस दलित जाति भित्र पर्ने हुंदा दलित उत्थानका लागि निम्नानुसारका मुख्य दुई कार्यक्रमहरु ल्याईनु पर्नेमा जोड दिइएको छ । क) आरक्षणको व्यवस्था ख) सामाजिक आर्थीक कार्यक्रम

राज्यको निर्णायक तहमा उपल्लो जातको मात्र सहभागिता रहेको तर दलित जातिको संख्या नगन्य रुपमा मात्र रहेको हुंदा राष्ट्रको मुल प्रवाहमा दलितलाई समाहित गराउन

राज्य स्तरबाट विषेश कार्यक्रमको सञ्चालन हुन विभिन्न व्यवहारिक विकल्पहरु खोजिनु जरुरी छ भन्ने लेखकको सोंच देखिन्छ । यसरी दलितका लागि खोजिने विकल्पहरु मध्ये शिक्षा, स्वास्थ्य, अवसर र रोजगारीका क्षेत्रमा एउटा निश्चित अवधि सम्मका लागि आरक्षणको व्यवस्था गरिनु पर्छ भनि लेखकले सुझाव दिएका छन् ।

दलित समुदायको विकासको निम्ति उनीहरुको सामाजिक आर्थिक स्थितिमा व्यापक परिवर्तन ल्याउन दरिलो सामाजिक आर्थिक कार्यक्रम ल्याइनुपर्छ भन्ने लेखकको सोच रहेको देखिन्छ । शिक्षाबाट बञ्चित रहेकै कारण दलितहरु सामाजिक तथा आर्थिक शोषणको शिकार भएका हुँदा (क) राज्यस्तर : दलित समुदायले कला, सीप र श्रमको विकासका लागि उनीहरुकै सहभागितामा एकीकृत रुपमा आधुनिकीकरण गर्न नियम, कानून बनाउनुका साथै सुलभ ऋण तथा आवश्यक बजारको व्यवस्था गरिनुपर्दछ ।

(ख) गैरसरकारी स्तर : गैरसरकारी संस्थाहरुले दलित जाति स्वयंलाई सहभागी गराई दरिलो रणनीति तयार गर्न लगाएर लक्षित समूह स्वयंलाई नै उसैको साधन र स्रोतमा आधारित आर्थिक उपार्जन बढाउन पहल गर्नु पर्छ । (ग) राजनैतिक सोच : राजनैतिक दलहरु र दलका भातृसंगठन मार्फत दलित प्रतिको स्पष्ट दृष्टिकोण तयार गरेर आफ्ना कार्यकर्ताहरुलाई व्यवहारमा उतार्न लगाउने र गाउँ, टोलसम्म यथास्थितिवादी सोचमा परिवर्तन ल्याउन क्रियाशील गराउनु पर्दछ भन्ने जस्ता दलितका लागि विशेष कार्यक्रम तयार गरिनु पर्छ भनी लेखकले सुझाव दिएका छन् ।

## २.२ सैद्धान्तिक खाका

पाडल स्टोन र ली राय (सन् 1960) का "सामाजिक जागरण सिद्धान्त" अनुसार समाजमा सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक र शैक्षिक विविधता रहेका हुन्छन् । यस्तो संरचनाभित्र वसेका व्याक्तिहरुमा अधिकार, कर्तव्य र स्वतन्त्रताको समेत विविधता रहेको हुन्छ । यस प्रकारका विविधताले समाजमा र ती सामाजिक व्याक्तिहरुका विचमा द्धन्द्ध सृजना हुन्छ, जुन द्धन्द्धले वर्ग संघर्षको रुप पनि लिन सक्दछ । अतः सामाजिक यस्ता विविधताहरुलाई कम गराउने सशक्त माध्यम शिक्षालाई मानिन्छ र त्यो हो अनौपचारिक शिक्षा, जुन शिक्षाले मौलिक हक अधिकारको उपभोग गर्न गराउन व्याक्तिलाई जागरुक वनाउछ । समाजमा विविध पक्षहरुमा जागरण ल्याउन अनौपचारिक शिक्षालाई निम्नानुसार प्रयोग गर्न गराउन सक्नु पर्दछ भन्ने यस सिद्धान्तको आसय हो ।

१. प्रजातान्त्रिक सचेतना विद्यालयः प्रजातन्त्र भनेको के हो ? प्रजातान्त्रिक हक अधिकारहरु के के हुन् ? प्रजातान्त्रिक हक अधिकारको उपभोग कसरी गर्न सकिन्छ ? जस्ता कुराहरु शोसित उत्पीडित, उपेक्षित जाति जनजातिका व्यात्तिहरुलाई सिकाइनु पर्दछ। समाजका तल्लो वर्गलाई प्रजातन्त्रका बारेमा चेतना जागरण गराउन अनौपचारिक शिक्षालाई प्रभावकारी माध्यमको रुपमा प्रयोग गरिनु पर्दछ।

२. राजनितिक सचेतना विद्यालयः समाजका तल्ला वर्गका मानिसहरुले राजनितिक बुझेका हुदैनन्। अतः अनौपचारिक शिक्षाको माध्यमबाट समाजका निमुखा वर्गलाई राजनितिक रुपबाट सचेत गराउनु पर्दछ।

३. महिला जागरुकता विद्यालयः महिलाहरु समाजमा अभिन्न अंगहरु हुन्। महिलाको विकासविना समाजको विकास कल्पना पनि गर्न सकिन्दैन्। विपन्न वर्गका महिलाहरु हक अधिकारको बारेमा जानकार नै हुदैनन्। अतः अनौपचारिक शिक्षाको माध्यमबाट महिला शसक्तिकरण गराउन सक्नुपर्दछ।

४. सांस्कृतिक जागरण विद्यालयः समाजमा ठुला वडा वर्गको संस्कृतिले सवैलाई अधिनस्थ राखेको हुन्छ भने तल्लो वर्गमा र जनजाति लोप हुने अवस्थामा पुगेको हुन्छ। अतः संभ्रान्त वर्गको संस्कृतिको अधिकरण रोक्दै जाती जनजातीहरुको संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्न अनौपचारिक शिक्षालाई क्रियाशिल वनाइनु पर्दछ।

५. आर्थिक सचेतना विद्यालयः समाजका विपन्न वर्गहरु आर्थिक रुपबाट पनि विपन्नतामा रहेका हुन्छन्। अतः समाजमा आर्थिक उपार्जन क्षमतामा वृद्धि गराउन पुरुष र महिलालाई आर्थिक विकासमा समान रुपबाट सहभागि बनाउन समाजमा सामुदायिक कामहरु गर्न लगाई वचत कार्य गराउन अनौपचारिक शिक्षाको प्रयोग गरिनु पर्दछ।

६. मुक्ति सचेतना विद्यालयः समाजमा विभिन्न किसिमका असमानताहरु, विविधताहरु, उत्पिडनहरु रहेका हुन्छन्। समाजका विपन्न वर्गहरु सामाजिक, आर्थिक, शैक्षिक, राजनितिक, भौगोलिक सवै रुपबाट शोषणमा रहेका हुन्छन्। अतः समाजमा सामाजिक हक अधिकार प्राप्त गर्न आधारभुत आवाश्यक्ता प्रति सचेत हुने र प्राप्त गर्ने कार्यका लागि अनौपचारिक शिक्षाको प्रयोग गरिनु पर्दछ (अनौपचारिक शिक्षा, शर्मा एण्ड शर्मा, २०६३)।

पाउले फ्रेरे(१९७०) का अनुसार सबै प्रकृतिका आन्दोलनलाई एउटै कसीमा राख्नु हुदैन्। सामाजिक परिवर्तन वा सामाजिक सचेतिकरणका लागि अनौपचारिक शिक्षाद्धारा

गराइने सचेतिकरणको ढांचा फरक हुन्छ । फ्रेरेले सवैभन्दा पहिले ल्याएको सोच धार्मिक उदारतावादमा आधारित थियो । अर्थात समाजमा तल्ला, उत्पिडित, थिचिएका, मिचिएका, अछुत वर्गका मानिसहरु हुन्छन् । समाजमा चलेको विद्यमान धार्मिक संस्कारले त्यस्ता उत्पीडित समुदायलाई दवाएर राखेको छ । अतः त्यस्ता समुदायले धार्मिक समानता प्राप्त गर्नु पर्दछ, धार्मिक उद्धारता जागरण समाजमा विकसित गर्नु पर्दछ । पछि उनले धार्मिक उदारवादलाई मार्क्सवादी चिन्तनसंग समायोजन गराए अर्थात मार्क्सवादी चिन्तन अनुसार वर्गिय समाजको अवधारणालाई समाति उत्पीडित र सर्वाहारा वर्गलाई शिक्षाको माध्यमबाट सचेत वनाउने प्रक्रियाको सुत्रपात गरे । यस क्रममा फ्रेरेले निम्नानुसार कार्यहरुको प्रतिपादन गरे ।

१. मार्क्सवादी अवधारणामा रहि सामाजिक वर्गीकरण गर्ने र सामाजिक विश्लेषण गर्ने काम गरे ।

२. धार्मिक उदारता र मार्क्सवादीसामाजिक विश्लेषणलाई उनले समालोचनात्मक वुझाई भनि नामाकरण गरे ।

३. यसप्रकारबाट गरिने समालोचनात्मक वुझाई भनेको नै समालोचनात्मक सचेतिकरण हो र यो सिद्धान्त नै सचेतिकरण हो ।

४. यस प्रकार सचेत भएको व्याक्तिले सामुहिक अध्ययन गर्ने, समुदाय वा समुहको वस्तुस्थितिको अध्ययन गर्ने र व्याक्तिगत वा सामुहिक निस्कर्षमा पुग्ने कार्यलाई उनले अभ्यास वा आदत भने ।

फ्रेरेकानुसार शिक्षकले विद्यार्थीहरुको इच्छा, आकांक्षा, आवाश्यकता, चाहना र समुदायको माग समेतलाई व्याक्तिगत र सामुहिक रुपबाट अध्ययन, विश्लेषण गरी सामुहिक निष्कर्षमा पुग्नु पर्दछ । शिक्षाको यस प्रकारको शिक्षण पद्धतिलाई उनले “ पार्टीसिपेटोरी सिस्टम” भनि नामाकरण समेत गरे । शिक्षणको यस्तो पद्धतिलाई उनले उदारवाद, मानवतावाद र जनपक्षिय प्रणाली भने । यस प्रकार फ्रेरेले समाजका आवाश्यक्ताहरु वर्गीय आधारमा फरक फरक हुने हुनाले हरेक सामाजिक संरचनालाई आलोचनात्मक विश्लेषण गरिनु पर्दछ भन्ने जुन मार्क्सवादी अवधारणा हो । यस्तो विश्लेषण व्याक्ति व्याक्ति विशेषका विचारका आधारमा सामुहिक रुपमा निर्णयमा पुगिने हुनाले यसलाई उनले समालोचनात्मक सामाजिक विश्लेषण भने । यस प्रकारको समालोचनात्मक सामाजिक विश्लेषणले व्याक्ति व्याक्ति

विशेषका बिचारहरुको सम्मान र कदर हुने हुनाले यस प्रक्रियामा हरेक व्याक्ति सचेत हुने गर्दछन् । यसलाई फ्रेरेले सचेतिकरण भने । औपचारिक शिक्षालाई सामाजिक विश्लेषणका आधारमा दिइने यस प्रकारका आधारमा दिइने यस प्रकारको शिक्षण प्रणालीलाई फ्रेरेले " पेडागोजि अफ द अप्रेस्ड" भन्ने पुस्तकमा व्याख्या गरेका छन् ।

## २.३ पुनरावलोकनको उपादेयता

कुनै पनि अध्ययन अनुसन्धानको लागि त्यस अध्ययनसंग सम्बन्धित पहिले गरिएका शोध, अनुसन्धान, सुझाव, पुस्तक, पत्रपत्रिका, लेखरचना जस्ता साहित्यको अध्ययन गर्नु जरुरी हुन्छ । पहिले भएका लेखरचना र अनुसन्धानहरुको अध्ययनबाट आफूले अध्ययन, अनुसन्धान गर्न लागेको विषयवस्तुसंग सम्बन्धित केकस्ता शोध, अनुसन्धान तथा अध्ययनहरु भएका छन् । तिनीहरुले के कस्ता विषयवस्तुहरु समेट्न सके र के कस्ता पक्षहरुको खोज अनुसन्धान हुन आवश्यक छ भन्ने ज्ञान प्राप्त गर्न सकिन्छ । आफ्नो खोज कुन सिद्धान्तको आधारमा अनुसन्धानलाई कसरी व्यवस्थित गर्ने, कस्तो ढांचामा प्रस्तुत गर्ने र पहिले गरिएका अनुसन्धानमा के कस्ता सुझाव दिइएका छन् भन्ने कुराको ज्ञान सम्बन्धित साहित्यबाट प्राप्त गर्न सकिन्छ ।

त्यसैले उपरोक्त साहित्य तथा सिद्धान्तका पुनरावलोकनले यस दलित विद्यार्थीहरुको सिकाइ उपलव्धिमा प्रभाव पार्ने कारक तत्वहरुको अध्ययनमा तथ्याङ्क संकलन, विश्लेषण, प्रस्तुतिकरण, प्राप्ति र निष्कर्षलाई समेत सहयोगी वनेको छ ।

# परिच्छेदः तीन अध्ययनको विधि

भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्रका दलित जातिका विद्यार्थीहरुको निम्न माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु के कस्तो रहेको छ भनी पत्ता लगाउनुका साथै त्यसमा रहेका सकारात्मक र नकारात्मक पक्षहरुको पहिचान गर्ने क्रममा निम्नानुसार ढांचा, जनसंख्या, आकार, विधि र साधनहरुको उपयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन सर्भेक्षण विधिमा आधारित भएर गरिएको छ । यो अध्ययन वर्णनात्मक र विश्लेषणात्मक रुपमा प्रस्तुत गरी मुख्यतः गुणात्मक र आँशिक रुपमा परिमाणात्मक दुवै किसिमको अनुसन्धानात्मक ढांचामा यो अध्ययन गरिएको छ ।

## ३.२ जनसंख्या

भोजपुरको वालंखा र वयांग स्रोतकेन्द्रमा २५ वटा सामुदायिक प्रा.वि., २ वटा नि.मा.वि. र ४ वटा मा.वि.हरु हाल सञ्चालनमा रहेका छन् (अवस्था प्रतिवेदन, २०६७/०६८,) । उल्लेखित नि.मा.वि., .मा.वि.हरुमध्ये ६ वटा विद्यालयहरु, कक्षा-८ का दलित विद्यार्थीहरु, प्र.अ., शिक्षकहरु र अभिभावकहरुलाई यस अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३ नमूना आकार

तथ्याङ्क संकलन गर्न बन्द तथा खुल्ला प्रश्नावली (वस्तुगत र विषयगत) मार्फत छनौट गरिएका विद्यालयका ६ जना प्र.अ., प्रति विद्यालय १ जनाका दरले ६ जना शिक्षक, प्रति विद्यालय २ जनाका दरले १२ जना दलित जातिका अभिभावक र प्रति विद्यालय ४ जनाका दरले २४ जना दलित विद्यार्थीहरुलाई प्रश्नावली भर्न लगाइयो । छनौट भएका ६ वटा विद्यालयको विगत ३ वर्षको जिल्ला स्तरीय परिक्षाको नतिजा, ती विद्यालयहरुको कक्षा ८ उतीर्ण भएका दलित विद्यार्थीहरुलाई नमूना जनसंख्याको रुपमा लिई प्रस्तुत अध्ययन, अनुसन्धान गरिएको छ । छनौट गरिएका प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरुको नामावली विद्यालयगत रुपमा अनुसूचिमा राखिएको छ ।

## ३.४ नमूना छनौट बिधि

यस अध्ययनका लागि भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्रमा ३१ वटा सामुदायिक विद्यालयहरु मध्येबाट उद्धेश्यमुलक नमुना छनौट गरी ६ वटा विद्यालयहरु मात्र छनौट गरियो ।

## ३.५ नमूना छनौटको आधार

यस शोध अध्ययन कार्यलाई पूरा गर्ने क्रममा अध्ययन क्षेत्रमा तथ्याङ्क उपलब्ध गर्न सक्ने आधार र अनुसन्धानकर्ताको उद्धेश्य अनुरुप विश्वसनिय र वद्यैता कायम हुनसक्ने गरी उद्धेश्यमुलक नमुना छनौट विधिलाई प्रयोग गरिएको छ ।

## ३.६ अनुसन्धानका साधनहरु

कुनै पनि अध्ययन अनुसन्धानका लागि तथ्याङ्क संकलन गर्न साधनहरुको जरुरत पर्दछ, जसबाट आवश्यक प्रमाणित सूचनाहरु प्राप्त गर्न सकिन्छ । यस अध्ययन अनुसन्धानका लागि निम्नलिखित साधनहरुको प्रयोग गरिएको थियो ।

### ३.६.१ अभिलेख अध्ययन

यस अध्ययनका लागि महत्वपूर्ण साधनको रुपमा अभिलेख अध्ययनलाई लिइएको छ । अभिलेख अध्ययन अन्तर्गत नमूना छनौटमा परेका विद्यालयहरुको विगत ३ वर्षको जिल्लास्तरीय परीक्षाको नतिजा अभिलेख फारामहरु, विद्यार्थी हाजिरी अभिलेख र जिल्ला शिक्षा कार्यालयद्वारा प्रकाशित तथा अप्रकाशित सामग्रीहरुको अध्ययन गरिएको थियो । यो अध्ययन मुख्यतः दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु माथि केन्द्रित रहेको हुँदा अभिलेखमा अध्ययन गरिएका दलित विद्यार्थीहरुको नामावली अनुसूची-क मा प्रस्तुत गरिएको छ ।

### ३.६.२ प्रश्नावली

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको अध्ययनका लागि बन्द तथा खुला प्रश्नावली (वस्तुगत र विषयगत) बनाई तथ्याङ्क संकलन कार्य गरियो ।
अध्ययनसँग सम्बन्धित विषयमा जानकारी हासिल गर्न सामुदायिक नि.मा.वि.,मा.वि.का ६ जना प्र.अ., ६ जना शिक्षक, १२ जना अभिभावक र २४ जना विद्यार्थीहरुको मत तथा

राय सुझाव संकलन गरिएको थियो । तथ्याङ्क संकलनका लागि प्रयोग गरिएका प्रश्नावलीहरुको नमूना अनुसूचि ग, घ, ङ र च मा प्रस्तुत गरिएको छ ।

३.६.३ निर्देशिका

तथ्याङ्क संकलन तथा राय सुझाब संकलनका लागि प्रस्तुत अध्ययनसँग सरोकार राख्ने सम्बन्धित जिल्लाका जि.शि.अ., वि.नि., शा.अ., स्रोतव्यक्ति, जि.शि.स.का पदाधिकारी, प्र.अ., शिक्षक, बुद्धिजीवि, अभिभावक र विद्यार्थीसँग प्रत्यक्ष भेटघाट र छलफल गरी राय सुझाब संकलन गरियो ।

## ३.७ तथ्याङ्कका स्रोतहरु

क. प्राथमिक स्रोतहरु

छनौटमा परेका विद्यालयहरुका ६ जना प्र. अ., ६ जना शिक्षक, १२ जना अभिभावक, २४ जना विद्यार्थीहरुलाई प्रश्नावली तथा भेटघाट र छलफलका माध्यमबाट प्राथमिक स्रोतहरुको संकलन गरिएको छ ।

ख.द्धितिय स्रोतहरु

छनौटमा परेका विद्यालयहरुको विगत ३ वर्षको जिल्लास्तरीय परीक्षाको नतिजा अभिलेख फारामहरु, विद्यार्थी हाजिरी अभिलेख र जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्रद्वारा प्रकाशित तथा अप्रकाशित सामग्रीहरुको अध्ययन गरिएको छ ।

## ३.८ तथ्याङ्क संकलन विधि

प्रश्नावली भर्नका लागि आफै विद्यालयहरुमा गएर छनौटमा परेका उत्तरदाताहरुसित तथ्याङ्क संकलन गरियो । प्रश्नावली भर्न छनौट गरिएका ४ वटा मा.वि., २ वटा नि.मा.वि.का ६ जना प्र.अ., ६ जना शिक्षक, १२ जना अभिभावक र २४ जना विद्यार्थीहरुलाई लगाइयो । विद्यालयहरुमा प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय बुद्धिजीविहरुसँग प्रत्यक्ष छलफल गरी राय, सुझावहरु समेत संकलन गरियो ।

दलित जातिका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु के कस्तो रहे तथा के कस्तो असर पुगेको छ भन्ने विषयमा अध्ययनका लागि जिल्ला शिक्षा कार्यालय र सम्बन्धित विद्यालयहरुमा रहेको जिल्लास्तरीय परीक्षाको नतिजा फाराम, भर्ना फाराम र हाजिरी खाताको अध्ययन गरी तथ्याङ्क संकलन गर्नुका साथै

जि.शि.अ., स्रोतव्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट गरी राय सुझाव टिपोट गरिएको थियो । सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु अध्ययनका लागि २०६६, २०६७ र २०६८ सालको औसत नतिजा अध्ययन गरियो साथै २०६८ सालसम्मको हाजिरी अभिलेख अध्ययन गरिएको थियो ।

## ३.९ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क अध्ययनकर्ता आफैले बन्द तथा खुला प्रश्नावली बनाई छनौटमा परेका विद्यालयहरुका प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरुबाट र सहायक तथ्याङ्कको रुपमा सम्बन्धित विद्यालयहरु र शिक्षा कार्यालय, स्रोतकेन्द्रमा उपलब्ध प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरु संकलन गरी उपलब्ध तथ्याङ्कको प्रस्तुतीकरण, विश्लेषण प्रक्रियामा साधारण अंक गणित, तालिका, लेखाचित्र, वृत्तचित्रद्धारा व्याख्या विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी मध्यक तथा प्रतिशताङ्का माध्यमबाट व्याख्या विश्लेषण गरिएको छ । व्याख्या विश्लेषण गर्दा सकेसम्म वालंखा र वयांग स्रोतकेन्द्रको यथार्थ धरातलमा केन्द्रित गर्ने प्रयत्न गरिएको छ ।

# परिच्छेद चारः तथ्याङ्क व्याख्या र विश्लेषण

संकलित तथ्याङ्कको विश्लेषण र व्याख्याबाट नै सम्बन्धित विषयको वास्तविकतामा पुगी निष्कर्षमा पुग्न सकिन्छ । प्रस्तुत भोजपुर जिल्लामा दलित जातिका विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु अध्ययनका लागि प्राप्त तथ्याङ्कलाई साधारण अङ्क गणितीय तथा तथ्याङ्कशास्त्रीय विधि (तालिका, लेखाचित्र, वृत्तचित्र) प्रयोग गरी विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ । तथ्याङ्कहरुलाई तालिकीकरण गर्दा साधारण तालिकीकरण, प्रतिशतांक र मध्यकको सहयोग लिइएको छ । सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरुको सम्बन्धमा तथ्याङ्क संकलन गर्ने उद्देश्यले यसमा सरोकार राख्ने मुख्य व्यक्तिहरु प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीलाई वस्तुगत तथा संक्षिप्त उत्तरात्मक विषयगत प्रश्नहरु रहेको बन्द तथा खुला प्रश्नावली बनाई उनीहरुको मत तथा राय सुझाब संकलन गरिएको थियो । उक्त तथ्याङ्कहरुलाई समेत आवश्यकतानुसार तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । संकलित तथ्याङ्कहरुको विश्लेषण र व्याख्या निम्नानुसार छ ।

## ४.१ दलित विद्यार्थीको सिकाइ उपलब्धि

दलित विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था थाहा पाउनका लागि छनौटमा परेका विद्यालयहरुका जिल्ला स्तरिय परीक्षाको तीन वर्षको औसत प्राप्ताङ्कको आधारमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ । यस सम्वन्धि तथ्याङ्कहरु निम्नानुसार राखिएका छन् ।

### ४.१.१ दलित विद्यार्थीहरुका सिकाइ उपलब्धि

वालंखा र वयांग स्रोतकेन्द्रको वि.स. २०६६ देखि ०६८ साल सम्मको विद्यालय र दलित विद्यार्थीहरुको जिल्लास्तरीय परीक्षाको तुलनात्मक तीन वर्षको औसत सिकाइ उपलव्धि अवस्थालाई तालिका नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं ४.१

छनौटमा परेका विद्यालयहरुका विद्यार्थीहरुको विगत तीन वर्षको औसत सिकाइ उपलब्धि विवरण

| क.सं. | वर्ष | जम्मा विद्यार्थी | | | | दलित विद्यार्थी | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षामा सम्मिलित संख्या | उच्चतम प्राप्ताङ्कको औसत | न्युनतम प्राप्ताङ्कको औसत | औसत प्राप्ताङ्क मध्यक | परीक्षामा सम्मिलित संख्या | उत्तीर्ण संख्या प्रतिशत | उच्चतम प्राप्ताङ्कको औसत | न्युनतम प्राप्ताङ्कको औसत | औसत प्राप्ताङ्क मध्यक |
| १ | २०६६ | २९९ | २९१ | १७८ | २८५ | २२ | २०(९०छ) | २५१ | १७७ | २१४ |
| २ | २०६७ | २९० | ४४१ | १९४ | २९९ | २५ | २१ (८४छ) | ३२० | २१५ | २७५ |
| ३ | २०६८ | २९८ | ४१३ | २०५ | २७५ | १७ | १६(९४छ) | २६९ | २२३ | २४९ |
| तीन वर्षको औसत $(\overline{X})$ | | २९६ | ४१५ | १९२ | २८५ | २१ | १९ (८९छ) | २८० | २०५ | २४६ |

नोटः ८ कक्षाको सम्पूर्ण विद्यार्थीहरुको कुल पूर्णाङ्क ८०० रहेको छ । स्रोतः मार्क लेजर ०६६,०६७,०६८


माथिको तालिकाबाट वालंखा र वयांग स्रोतकेन्द्रको जिल्ला स्तरीय परीक्षामा जम्मा विद्यार्थी र दलित विद्यार्थीहरुको औसत सिकाइ उपलब्धिलाई तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ । जसबाट स्पष्ट हुन्छ कि २०६६ सालमा सम्पूर्ण विद्यार्थीको औसत सिकाइ उपलब्धि मध्यक २८५ देखिन्छ भने दलित विद्यार्थीको २१४ रहेको छ । २०६७ सालमा विद्यालयको औसत सिकाइ उपलब्धि मध्यक वृद्धि भई २९९ पुगेको छ भने दलित विद्यार्थीको अंक घटेर २७५ मा पुगेको देखिन्छ । २०६८ मा विद्यालयको अझ वृद्धि भई २७५ मा झरेको छ, यस वर्ष दलित विद्यार्थीको पनि औसत सिकाइ उपलब्धि वृद्धि भई २४९ मा पुगेको देखिन्छ । त्यस्तै तीन वर्षको सम्पूर्ण विद्यार्थीको औसत सिकाइ उपलब्धि मध्यक २८६ भने दलित विद्यार्थीको २४६ रहेको छ ।

यसरी नै २०६६, ६७, ६८ सालको क्रमश जम्मा विद्यार्थी परीक्षामा सम्मिलित संख्या २९९, २९०,२९८  उच्चतम प्राप्ताङ्कको औसत २९१, ४४१, ४१३,  न्युनतम प्राप्ताङ्कको औसत १७८, १९४, २०५ रहेको छ भने दलित विद्यार्थीको परीक्षामा सम्मिलित संख्या २२, २५,२७,  उच्चतम प्राप्ताङ्कको औसत २५१, ३२०, २६९,  न्युनतम प्राप्ताङ्कको औसत १७७, २१५, २२३ र उत्तीर्ण संख्या र प्रतिशत २०(९०छ), २१ (८४छ), १६(९४छ) रहेको छ ।

एकातर्फ विद्यालयमा विद्यार्थीले प्राप्त गरेको उच्चतम् प्राप्ताङ्कको अवस्था हेर्दा पनि दलित विद्यार्थीको प्राप्ताङ्क निकै तल रहेको पुष्टी हुन्छ भने अर्कातर्फ औसत सिकाइ उपलब्धि मध्यकको  तीन वर्षकै औसतमा समेत विद्यालयको औसत मध्यक भन्दा दलित विद्यार्थीको औसत प्राप्ताङ्क मध्यक घटि नै रहेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने विद्यालयको औसत प्राप्ताङ्क र दलित विद्यार्थीको औसत प्राप्ताङ्क बीचको अन्तर अझ वृद्धि भइरहेको छ । यो अवस्था यही रुपमा बढ्दै जाने हो भने सिकाइ उपलब्धिमा अझ बढी अन्तर आउने स्पष्ट हुन्छ ।

माथिको तालिकालाई निम्न स्तम्भचित्रमा समेत देखाइएको छ ।

चित्र नं.१ औसत प्राप्ताङ्क विवरण




## ४.१.२ दलित विद्यार्थीहरुको संख्या

भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्रका दलित विद्यार्थीहरुको तीन वर्ष २०६६, २०६७, २०६८ को औसत भर्ना संख्या, औसत परीक्षामा  सम्मिलित संख्या र औसत परीक्षामा  सम्मिलित प्रतिशतलाई तालिका नं. ४.२ मा देखाइएको छ ।

तालिका नं ४.२

भर्ना संख्या, परीक्षामा  सम्मिलित संख्या

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | वर्ष | भर्ना संख्या | परीक्षामा सम्मि लित संख्या | परीक्षामा सम्मिलित प्रतिशत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी नि.मा.वि.पाङ्चा | २०६६-०६८ | २४ | १५ | ६३छ |
| २ | चण्डेश्वर मा.वि., वालंखा | २०६६-०६८ | १२ | ९ | ७५छ |
| ३ | पंचकन्या मा.वि., वासिङ | २०६६-०६८ | ९ | ६ | ६७छ |
| ४ | शिक्षाज्वोती नि. मा.वि., पसलभंज्याङ | २०६६-०६८ | १५ | ९ | ६०छ |
| ५ | शिक्षाक्षमाकन्या मा.वि., बयांग | २०६६-०६८ | १२ | ९ | ७५छ |
| ६ | सरस्वती मा.वि., दुम्माना | २०६६-०६८ | ३० | २४ | ८०छ |
| जम्मा | | | १०२ | ७२ | ७१छ |

स्रोतः भर्ना पुस्तिका र विद्यालय प्रतिवेदन २०६६-०६८

माथिको तालिकालाई अध्ययन गर्दा छनौटमा परेका वालंखा र बयांग स्रोतकेन्द्रमा रहेका ६ वटा विद्यालयका तीन वर्ष (२०६६-०६८) को औषत भर्ना संख्या, परीक्षामा सम्मिलित संख्या र परीक्षामा  सम्मिलित प्रतिशतलाई देखाइएको छ । जसअनुसार लक्ष्मी नि.मा.वि.पाङ्चाको २४, १५, २३, चण्डेश्वर मा.वि., वालंखाको १२, ९, ७५, पंचकन्या मा.वि., वासिङको ९, ६, ६७, शिक्षाज्वोती नि. मा.वि., पसलभंज्याङको १५, ९, ६७ शिक्षाक्षमाकन्या मा.वि., बयांगको १२, ९, ७५ र सरस्वती मा.वि., दुम्मानाको ३०, २४, ८० रहेको छ । सवै विद्यालयहरुको कुल भर्ना संख्या १०२ जना, परीक्षामा  सम्मिलित संख्या ७२ जना र परीक्षामा  सम्मिलित ७१ प्रतिशत  मात्र रहेको देखिन्छ । माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने दलित विद्यार्थी (कामी, दमाई र सार्की) भर्ना भएका संख्याहरु मध्येबाट परीक्षामा सम्मिलित हुने संख्या निकै कमि भएको देखिन्छ र परीक्षामा सम्मिलित प्रतिशतमा कमि भै रहेकोले शैक्षिक क्षति भै वास्तविक सिकाइ उपलब्धि पूरा हुन सकिरहेको देखिन्दैन् ।

### ४.१.३ तीन वर्षको ६ वटा विद्यालयको औसत संख्या र प्रतिशत

तालिका नं ४.३

| क.सं. | वर्ष | जिल्लास्तरीय परीक्षामा सम्मिलित संख्या | उत्तारित संख्या र प्रतिशत | शुद्ध उत्तीर्ण संख्या र प्रतिशत |
|---|---|---|---|---|
| १ | २०६५-०६६ | २२ | १८ (८१छ) | ८ (३६छ) |
| २ | २०६६-०६७ | ४३ | २६ (६०छ) | १२ (२८छ) |
| ३ | २०६७-०६८ | ३७ | २७ (७३छ) | ८ (२८छ) |
| जम्मा | | १०२ | ७१ | २८ |
| $(\bar{X})$ | | ३४ | २४ (७०छ) | ९ (३८छ) |

स्रोतः विद्यालय प्रतिवेदन २०६६-०६८


भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्रको दलित विद्यार्थीहरुको विगत तीन वर्षको औसत संख्या र प्रतिशत दरको स्पष्ट झलक देखिन्छ। ३ वर्षको औसत जिल्लास्तरीय परीक्षामा सम्मिलित संख्या, जिल्लास्तरीय परीक्षामा उत्तारित संख्या र प्रतिशत र जिल्लास्तरीय परीक्षामा शुद्ध उत्तीर्ण संख्या र प्रतिशतमा देखाइएको छ। अझ स्पष्ट पार्नका लागि यसको व्याख्या निम्नानुसार गरिएको छ।

माथिको तालिकालाई अध्ययन गर्दा २०६६ देखि ६८ सालसम्मको औसत जिल्लास्तरीय परीक्षामा सम्मिलित संख्या २०६६ सालमा २२ जना, २०६७ सालमा ४३ जना र २०६८ सालमा ३७ जना गरी जम्मा १०२ जना रहेका छन्। उतिर्ण संख्या २०६६, ०६७ र ०६८ को क्रमश १८, २६, २७ र जम्मा ७१ उतारित भएका छन्। उतारित मध्ये शुद्ध उत्तीर्ण संख्या क्रमश ८, १२, ८ र २८ रहेका छन्। त्यसैगरी २०६६, ०६७, र ०६८ मा क्रमशः उतारीत र उत्तीर्ण प्रतिशत ८१, ६०, ७३ र ३६, २८, २८ रहेको पाइन्छ। त्यस्तै दुवैको मध्यक र प्रतिशत २४, ९ र ७०, ९ रहेको छ।

माथिको तालिकालाई अझ स्पष्ट पार्नका लागि तल  स्तम्भ चित्रमा समेत देखाइएको छ ।

कचित्र नं. २


दलित विद्यार्थीहरुको विगत तीन वर्षको औसत संख्या र प्रतिशत स्थिति




माथिको तालिकालाई तल वृत्त चित्रमा प्रस्तुत गरिएकोछ ।

चित्र नं.३

दलित विद्यार्थीहरुको स्थिति विगत तीन वर्षको औसत संख्या र प्रतिशत




## ४.२ सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु

दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु सम्बन्धी अध्ययनका लागि नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयका प्र.अ., छनौटमा परेका प्रत्येक विद्यालयका १/१ जना शिक्षक, २/२ जना दलित जातिका अभिभावकहरु र ४/४ जना दलित विद्यार्थीहरुलाई छुट्टा छुट्टै रुपमा तयार पारिएको वस्तुगत तथा विषयगत बन्द तथा खुल्ला प्रश्नावली मार्फत निजहरुबाट प्राप्त राय सुझाब एवम् प्रतिक्रियाको प्राथमिकताको आधारमा विश्लेषण तथा व्याख्या निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ आर्थिक कारण

दलित अभिभावकहरुको आर्थिक अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.४

| सि.नं. | अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | उच्च | - | - |

| | | | |
|---|---|---|---|
| २. | मध्यम | १ | १६छ |
| ३. | निम्न मध्यम | ५ | ४१छ |
| ४. | निम्न | ६ | ५०छ |


स्रोत: विद्यालय प्रतिवेदन २०६६-०६८

छनौटमा परेका भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्रका विद्यालयहरुका दलित विद्यार्थीहरुका अभिभावकहरुको आर्थिक अवस्था कस्तो रहेको छ भनी गरिएको सर्वेक्षण अनुसार प्राप्त नतिजालाई हेर्दा मध्यम स्तरको १६ प्रतिशत, निम्न मध्यम स्तरको ४१ प्रतिशत र निम्न स्तरको ५० प्रतिशत रहेको देखिन्छ ।, जुन नमूना छनौटमा परेका अभिभावकको संख्या क्रमश: १, ५ र ६ जना पर्दछन् । उच्च स्तरको अभिभावक भने एकै जना पनि नभएको अवस्था देखिन्छ ।

माथिको तालिकालाई तल वृत्तचित्रमा समेत देखाइएको छ ।

चित्र नं.४

दलित अभिभावकहरुको आर्थिक अवस्था



वालंखा र वयांग स्रोतकेन्द्रका दलितहरुको आर्थिक अवस्था मुख्यतः निम्नमध्यम र निम्न देखिएबाट प्रमुख समस्या नै यही रहेको देखिन्छ । अधिकांश दलितहरु श्रममूलक परम्परागत पेशामा सम्लग्न हुनुका साथै अर्काको घरमा बनिबूतो गरेर जिवीका गर्ने, श्रममूलक कार्यहरुमा सहयोग पुऱ्याउने, भरिया तथा कुल्लीको रुपमा काम गरी दैनिक जीविका गर्ने हुँदा आफ्ना छोराछोरीहरुको अध्ययन भन्ने कुरा बिलासी वस्तुको रुपमा मात्र रहेको पाइन्छ । एकातर्फ बाबुआमा अर्काको घरमा बनिबूतो गर्न तथा मजदूरीमा जानाले घरको काममा दलित विद्यार्थीहरु लाग्नुपर्ने तथा जीविकाका लागि बिहान बेलुका समेत शारीरिक परिश्रम गर्नु पर्दा र श्रम गर्दै अध्ययन गर्दा सिकाइ उपलब्धिमा प्रभाव परेको देखिन्छ भने अर्कातर्फ नियमित रुपमा शुल्क तिर्न तथा पाठ्य, सन्दर्भ र शैक्षिक सामग्री आवश्यकता अनुसार उपलब्ध हुन नसक्दा सिकाइ उपलब्धि कमजोर भएको तथ्य स्पष्ट हुन जान्छ । सरकारी क्षेत्रमा दिइएको सुविधा समेत नाम मात्रको हुनाले यस्तो भएको हो ।

### ४.२.२ सामाजिक कारण

अझैसम्म पनि दलितका छोरा छोरीहरुको पेशा परम्परागत कार्य नै हो तसर्थ साक्षरसम्म भए पुग्छ, माथिल्लो योग्यताको आवश्यकता छैन भन्ने धारणा सामाजिक मान्यताको रुपमा रहेको छ भने दलित मानिसहरुमा समेत मैले पढेर केही गर्छु भन्ने आत्मविश्वास देखिदैन । पढदै गएमा परम्परागत सीप समेत हुँदैन र पछि जीविका गर्न कठिन हुन्छ भन्ने अघुताभास दलित समाजमै व्याप्त देखिन्छ । समाजका अन्य जातिले समेत दलित जातिको उच्च अस्तित्व आत्मैदेखि स्वीकार्न नसकिरहेको परिप्रेक्ष्यमा काहीबाट पनि प्रोत्साहन तथा हौसला प्राप्त हुन सक्दैन साथै विद्यालयको परिवेश समेत अप्रत्यक्ष रुपमा प्रतिकूल हुन पुग्दछ । फलस्वरुप दलितहरुको सिकाइ उपलब्धि बृद्धि गर्न ठूलै संघर्ष र त्यागको आवश्यकता महसुस हुन्छ ।

### ४.२.३ शैक्षिक कारण

दलित अभिभावकहरुको शैक्षिक अवस्थाको बारेमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.५

| सि.नं. | शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साक्षर | ८ | ६७छ |
| २. | प्रा.वि.तह | - | - |
| ३. | नि.मा.वि. तह | २ | १७छ |
| ४. | मा.वि.तह | १ | ९छ |
| ५. | क्याम्पस | १ | ९छ |


स्रोतः स्थलगत भ्रमण र अन्तर्वाता २०६६-०६८

छनौटमा परेका भोजपुर जिल्लाको वालंखा र वयांग स्रोतकेन्द्रका विद्यालयहरुका दलित विद्यार्थीहरुका अभिभावकहरुको शैक्षिक अवस्थामाथि सर्वेक्षण गरिएको छ। जुन सर्वेक्षणबाट प्राप्त नतिजालाई निम्नानुसार व्याख्या गरिएको छ।

माथिको तालिका अनुसार दलित अभिभावकहरुमध्ये ६७ प्रतिशत साक्षर मात्रै छन्, १७ प्रतिशतले नि.मा. तहसम्म अध्ययन पुरा गरेका छन्।, ९ प्रतिशतले मा.वि. तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ र ९ प्रतिशत ले मात्रै क्याम्पस तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ। छनौटमा परेको अभिभावकहरुको शैक्षिक योग्यतालाई संख्यात्मक रुपमा हेर्दा क्रमशः ८, २, १, १ रहेको छ। यसबाट दलित विद्यार्थीहरु अधिकांश अशिक्षित परिवारबाट आउँछन् भन्ने पुष्टि हुन जान्छ।

माथिको तालिकालाई वृत्तचित्रमा समेत देखाइएको छ।

चित्र नं.५




सन् १९९० मा जोमटिनको डकार सम्मेलनबाट सबैका लागि शिक्षा भन्ने बिश्व व्यापि नारालाई पारित गर्दै तथा प्रतिबद्धता जाहेर समेत गर्दै नेपालले पनि यस नारालाई सार्थक रुप दिनका लागि बिभिन्न कार्यक्रमहरु कक्षा १० सम्म निःशुल्क शिक्षा, प्रा. वि. अनिवार्य शिक्षा, शिक्षकलाई सेवाकालिन तालिमहरु, छात्रावृत्ति, दलित छात्रवृत्ति, निशुल्क पाठ्यपुसस्तक, पोषाक भत्ता, खाजा व्याबस्था, प्रति विद्यार्थी अनुदान आदि संचालित छन् । यी माथिका जति पनि कार्यक्रमहरुको मुल उद्देश्य सिकाइ उपलब्धि हासिल गर्नु, शैक्षिक क्ष्यति कम गर्नु, सवै साक्षार वनुन् भन्ने हो ।

व्यावारवादी सिद्धान्तका अनुसार अ-अभ्यस्त कार्यलाई अभ्यास, पुरस्कार र दण्डको माध्यमबाट चाहेको व्यबाहरमा रुपान्तरण गर्न सकिन्छ । त्यसरि नै मानव सम्बन्ध सिद्धान्तका अनुसार मानिसहरुको भावना र चाहनालाई बुझेर व्याबहार गर्ने हो भने मात्र वढि सफलता हासिल गर्न सकिन्छ भन्ने सैद्धान्तिक मान्यतालाई बुझेर शिक्षा क्षेत्रमा काम गर्ने हो भने विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वलाई समाधान गर्न समेत सहयोग पुग्ने थियो ।

विभिन्न अनुसन्धान, लेख, रचना, प्रतिवेदन तथा सिद्धान्तबाट प्राप्त प्राप्तिहरुलाई आत्मासाथ गर्दै सरोकारवाला व्याक्तिहरुले दलित (कामी, दमाई, सार्की) शैक्षिक उत्थानमा ध्यान दिनुपर्दछ । आज सम्मको शैक्षिक उपलब्धिलाई हेर्दा सन्तोषजनक छैन् ।

दलित विद्यार्थीहरुका अधिकांश अभिभावकहरु सामान्य साक्षर मात्र भएको तथ्य तथ्याङ्क विश्लेषणबाटै स्पष्ट भएको छ । यसबाट दलितहरुमा अशिक्षा र चेतनाको अभावमा आफ्नै समाजभित्रको कुरीति, अन्ध विश्वास र आचरणले दलित अभिभावकहरुमा आफ्ना छोराछोरीहरुलाई माथिल्लो तहसम्म पढाउनु पर्ने शैक्षिक चेतनाको अभाव रहेको पाइन्छ । छोराछोरी विद्यालय पठाइहाले पनि नियमित रुपमा दैनिक विद्यालय नपठाउने, बिहान-बेलुका पढ्न नलगाउने, आफ्ना छोराछोरीको उपलब्धिबारे जानकारी नलिने, घरमा शैक्षिक वातावरण नदिने जस्ता कार्यहरु हुन पुगेको छ । जसले गर्दा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि बृद्धि गर्ने कुरामा ठूलो असर पारेको देखिन्छ ।

### ४.२.४ अन्य कारणहरु

आर्थिक, सामाजिक र शैक्षिक अवस्थाका अतिरिक्त दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने अन्य कारणहरु पनि पाइन्छन् । दलित जातिको बस्ती सामान्यतः अनकन्टार गाउँमा हुनाले धेरै समय लगाएर विद्यालय जानुपर्ने, डेरा बसेर अध्ययन गर्न सक्ने अवस्था नहुने, भविष्यको रोजगारीको ग्यारेन्टी नहुने, अव्यावहारिक शिक्षा र आत्मा विश्वासको अभाव जस्ता पक्षहरुबाट समेत दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि प्रभावित हुन पुगेको देखिन्छ ।

अतः सामाजिक, आर्थिक, शैक्षिक जस्ता विभिन्न समस्यावाट ग्रसित दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि कमजोर भएको अवस्थामा हरेक क्षेत्रबाट आरक्षण तथा सचेतनात्मक पक्षको विकास गर्दै गरिवी निवारण तर्फ सबै पक्ष लाग्न सके मात्र दलित विद्यार्थीहरुले पनि अन्य विद्यार्थी सरह सिकाइ उपलब्धि बृद्धि गर्न सक्ने तथ्य छर्लङ्ग हुन्छ ।

## ४.३ दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएका समस्याहरु

दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएका समस्याहरुलाई निम्न विधि, यथार्थ विवरण र समस्याहरुको उत्पत्तिका आधारमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ समस्याको खोज विधि

नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयका प्र.अ., छनौटमा परेका प्रत्येक विद्यालयका १/१ जना शिक्षक, २/२ जना दलित जातिका अभिभावकहरु र ४/४ जना दलित विद्यार्थीहरुलाई छुट्टा छुट्टै रुपमा तयार पारिएको वस्तुगत तथा विषयगत बन्द र खुल्ला प्रश्नावली साथै अन्तरबार्ता मार्फत निजहरुबाट प्राप्त सिकाइ उपलब्धिमा देखिएका समस्याहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.२ समस्याहरुको विवरण

दलित अभिभावकमा शैक्षिक चेतनाको कमी रहेको छ । अध्ययन गर्न पर्याप्त समयको अभाव रहेको छ । घरायसी कडा परिश्रमका कारण बिहान-बेलुका अध्ययन गर्न सकिरहेको छैन् । विद्यालयमा नियमित रुपमा उपस्थितको कमि छ । अभिभावकहरु सचेत र जागरुक छैनन् । कक्षामा हुने शैक्षिक क्रियाकलापहरुमा कम सहभागिता हुने गरेका छन् । शिक्षकहरुबाट विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप हुन सकिरहेको छैन् । विद्यार्थीहरुमा आफूले पढेर केही पनि गर्न सकिंदैन भन्ने हिनताबोध भएको देखिन्छ । दलित अभिभावकले अन्य विद्यार्थी सरह पाठ्य तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्न सकिरहेको छैन् । दलित विद्यार्थीको घरमा विहान बेलुका अध्ययन गर्ने अवसरका कमि छ । भौगोलिक विकटताका कारण विद्यालय टाढा हुनाले हिड्दा हिड्दै थकित भई अध्ययन गर्न नसक्ने अवस्था देखिन्छ । अभिभावकले छोराछोरीको पढाइमा चासो दिएको पाइन्दैन् । घरायसी वातावरण अध्ययन गर्न अनुकुल छैन् । नेपालको परिवेशलाई हेर्दा विद्यमान सामाजिक परिवेश प्रतिकुल रहेको छ । आधारभुत आवाश्यक्ता पूरा गर्न मजदूरी गर्न जानुपर्ने अथवा गरिवी अवस्थामा रहनु परेको छ । परम्परागत धारणाले समाजलाई गांजिरहेको पाइन्छ । पढाईमा विद्यार्थीको लगनशीलतामा कमी रहेको छ । विद्यार्थीका धेरै समस्याहरु हुन्छन् तर पहिचान हुन सकिरहेको पाइन्दैन् । घर छाडेर बाबु-आमा अन्यत्र काममा जानुपर्ने भएको हुँदा भाइ, बहिनी हेरेर घरमै बसिरहनु पर्ने आदि सिकाइ उपलब्धिमा देखिएका समस्याहरु छन् ।

### ४.३.३ समस्याहरुको उत्पत्ति

विभिन्न अनुसन्धान, लेख, रचना, रिपोर्ट तथा सिद्धान्तलाई हेर्दा सोहि अनुसार लक्ष्य प्राप्ति गर्न दलित (कामी, दमाई, सार्की) जातीको शैक्षिक उत्थान गर्नका

लागि  समाजका सरोकारवालाहरु गम्भिर हुनु पर्ने देखिन्छ किनकि सिकाइ उपलब्धिमा देखिएका समस्याहरु स्वयं विद्यार्थी, अभिभावक, समाजबाट सिर्जना भएको पाईन्छ ।

## ४.४ विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु

विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु पत्ता लगाउने क्रममा निम्न विधि, उपाय र सैद्धान्तिक पुनरावलोकन गरिएको छ ।

### ४.४.१ तथ्याङ्क संकलन विधि

नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयका प्र.अ., छनौटमा परेका प्रत्येक विद्यालयका १/१  जना शिक्षक, २/२ जना दलित जातिका अभिभावकहरु र ४/४ जना दलित विद्यार्थीहरुलाई छुट्टा छुट्टै रुपमा तयार पारिएको वस्तुगत तथा विषयगत बन्द र खुल्ला प्रश्नावली साथै अन्तरबार्ता मार्फत निजहरुबाट प्राप्त सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु निम्नानुसार राखिएका छन् ।

### ४.४.२ समस्या समाधानका उपायहरु

दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायहरु अभिभावकहरुका चेतना अभिवृद्धि हुने खालका कार्यक्रमहरु संचालन गर्नु पर्दछ । शिक्षा क्षेत्रमा सीपमूलक र व्यवहारिक शिक्षाको व्यावस्था गरिनु पर्दछ । विद्यार्थीको नियमित उपस्थितिमा जोड दिनु पर्दछ । निश्चित तहको अध्ययन पूरा गरेपछि रोजगारीको ग्यारेन्टी हुनु पर्दछ । सरकारी स्तरबाट प्राप्त हुने छात्रवृत्ति र पुरस्कारको समय सापेक्ष व्यवस्था गरिनु पर्दछ । शिक्षकहरुबाट बालकेन्द्रित शिक्षण विधिको अवलम्बन गरि कक्षा संचालन गरिनु पर्दछ । विद्यालयबाट विद्यार्थीहरुको प्रगति बारेमा नियमित रुपमा विद्यार्थी र अभिभावकलाई जानकारी दिइनु पर्दछ भन्ने राय रहेको पाइन्छ ।

### ४.४.३ सैद्धान्तिक पुनरावलोकन

विभिन्न अनुसन्धान, लेख, रचना, रिपोर्ट तथा सिद्धान्तको पुनरावलोकन गर्दा थापा (२०५८) का अनुसार हुम्ला जिल्लाको प्रा. वि. मा दलित समुदायका विद्यार्थीहरुको स्थितिको लेखाजोखा गर्ने, प्रतिनिधित्व कम हुनुका कारण खुट्याउने तथा उपाय पत्ता लगाउने भन्ने रहेको थियो जुन यस अध्ययनसंग मिल्दो जुल्दो रहेको देखिन्छ । कोइरालाको लेखमा जुनसुकै किसिमले राज्यको पुनर्संरचना भए पनि दलितको उचित स्थान हुन नसक्ने अवस्था भएको

हुँदा आरक्षण, दलित मण्डल, छुवाछुतको अन्त्य, क्षतिपूर्ति व्यवस्था, समावेशीकरण र दलित मनोनय अर्थात षड्खम्बा उठाउनु नै दलितका लागि पुनर्संरचनामा स्थान दिनु हो भन्ने कुरालाई जुन सुकै संरचनामा पनि व्यवस्था गरिनुपर्छ र त्यसलाई दलित समुदायले जोडदार रुपमा उठाउनुपर्छ भनी सुझाव दिएका छन् जुन कुरा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएका समस्या समाधानका उपायमा सहायक बन्न सक्ने छन् ।

डी.वि. सागरको लेख अनुसार दलितहरु समाजबाट शोषित भएको हुंदा क्षतिपूर्ति स्वरुप दलित समुदायको विकासको निम्ति उनीहरुको सामाजिक आर्थिक स्थितिमा व्यापक परिवर्तन ल्याउन दरिलो सामाजिक आर्थिक कार्यक्रम ल्याइनुपर्छ भन्ने सोच देखिन्छ, जुन लेखले समाज र देशलाई झकझकाएको देखिन्छ । मानवतावादी तथा व्यावहारवादी सिद्धान्त अनुसार हाम्रो समाजमा दलितहरुलाई मानवको रुपमा व्यवहार नहुदाको अवस्था तथा दलितको श्रमप्रतिको अवहेलना गरिनु हुदैन भन्ने शिक्षा प्रदान गरिएको छ ।

उपरोक्त अनुसन्धान, लेख, रचना, रिपोर्ट तथा सिद्धान्तहरुको पुनरावलोकनले दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु अध्ययन गरी यथार्थ प्राप्ति, निष्कर्ष र सुझाउहरु सुझाउन सहयोग पुगेको छ ।

## परिच्छेद पांचः प्राप्ति, निष्कर्ष र सुझाबहरु

प्रस्तुत अध्ययन प्राथमिक र द्वितीय दुबै प्रकारका तथ्याङ्कमा आधारित भएर गरिएको हुँदा दुबै किसिमबाट प्राप्त तथ्याङ्कको आधारमा परिच्छेद-४ मा भोजपुरको वालंखा र वयांग स्रोतकेन्द्रमा दलित विद्यार्थीहरुको जिल्ला स्तरीय परीक्षाको औसत सिकाइ उपलब्धिलाई विद्यालयको औसत सिकाइ उपलब्धिसँग तुलना गरी सिकाइ उपलब्धिमा

प्रभाव पार्ने कारक तत्वहरु पत्ता लगाई निराकरणका उपायहरु कस्तो हुनेछ भन्ने कुरालाई प्रथमिक तथा सहायकको माध्यमबाट व्याख्या, विश्लेषण गर्नुका साथै अध्ययनसँग सम्बन्धित विभिन्न पक्षहरुबाट प्राथमिक तथ्याङ्को रुममा प्राप्त राय, सुझाब, प्रतिक्रियालाई अध्ययन गरी व्याख्या विश्लेषण गरिएको छ । उद्देश्यमुलक नमुना छनौटबाट तथ्याङ्क प्राप्त गरिए पनि उक्त तथ्याङ्कले दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरुको प्रभावको उच्चतम् प्रतिनिधित्व गरेको महसुश गरिएको साथै तथ्याङ्कहरुको व्याख्या विश्लेषणबाट निम्न प्राप्ति, निष्कर्ष र सुझाबहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

वालंखा र वयांग स्रोतकेन्द्रको जिल्लास्तरीय परीक्षामा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु सम्बन्धमा प्राप्त तथ्याङ्कहरुको आधारमा प्रस्तुत अध्ययनमा निम्न प्राप्तिहरु रहेका छन् ।

### ५.१.१ प्राप्ति

विद्यालयको औसत सिकाइ उपलब्धिको तुलनामा दलित विद्यार्थीहरुको औसत सिकाइ उपलब्धि न्यून रहेको छ ।  अन्य विद्यार्थी तथा विद्यालयको कक्षागत न्यूनतम प्राप्ताङ्क र दलित विद्यार्थीको न्यूनतम प्राप्ताङ्क सामान्यत समान अवस्थाको रहे पनि विद्यालयको उच्चतम् प्राप्ताङ्क भन्दा दलित विद्यार्थीको उच्चतम् प्राप्ताङ्क न्यून रहेको देखियो । उत्तीर्ण प्रतिशत विद्यालयसँग सरदर समान रहेपनि दलित विद्यार्थीको शुद्ध उत्तीर्ण दर विद्यालयको भन्दा कम रहेको पाइयो । विद्यालयमा तालिम अप्राप्त र न्यूनतम शैक्षिक योग्यता पूरा नभएका शिक्षकहरु भएबाट विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष असर परेको देखियो । विद्यालयहरुमा तहगत एवं विषयगत रुपमा शिक्षकहरुको व्यवस्था हुन नसक्दा निजी तथा स्वयम् सेवक र अन्य विषयका शिक्षकहरुबाट अध्यापन गराउँदा विद्यार्थीको सिकाइ उपलब्धि न्यून रहन गएको र त्यसको प्रत्यक्ष प्रभाव दलित विद्यार्थीहरुमा परेको पाइन्छ । दलित विद्यार्थीका अभिभावकहरु अधिकांश अशिक्षित हुनाले छोरा छोरीको अध्ययनमा ध्यान दिन नसकेको र नियमित रुपमा विद्यालयमा नपठाएको कारण सिकाइ उपलब्धि कमजोर भएको पाइयो । दलित जातिका विद्यार्थीहरुले गरिबीका कारण नियमित रुपमा विद्यालयमा उपस्थित हुन नसकेको हुँदा सिकाइ न्यून भएको पाइयो । गरिबीका कारण दलित विद्यार्थीहरुले आवश्यक पाठ्य, सन्दर्भ तथा शैक्षिक सामग्रीहरु आवश्यकता अनुसार खरिद गर्न नसक्दा

सिकाइ उपलब्धि न्यून भएको पाइयो । दलित अभिभावक गरिब भएका कारण आफ्ना छोराछोरीहरुलाई नियमित रुपमा अध्ययनमा खर्च गर्न नसकेको पाइयो । गरिबीका कारण दलित विद्यार्थीहरुले बिहान बेलुका धरमा काम गर्नुपर्ने र विदा लिएर समेत बनिबूतो गर्न जानुपर्ने अवस्था भएबाट सिकाइ उपलब्धि न्यून भएको  पाइयो । विद्यालयको पढाइ बाहेक घरमा अध्ययन गर्ने वातावरण तथा अवसर नहुँदा तथा घरायसी काम धन्दामा बिहान-बेलुका र विदाको दिनमा समेत लाग्नु पर्दा दलित विद्यार्थीको सिकाइ उपलब्धि कमजोर भएको पाइयो । दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि कमजोर हुनु मुख्यतः अभिभावक जिम्मेवार रहेको देखियो । जिल्लास्तरीय परीक्षामा सिकाइ उपलब्धि कमजोर हुनाले दलित विद्यार्थीहरुमा हिनताबोध उत्पन्न हुनुका साथै पढेर केही गरिन्छ भन्ने आत्मविश्वास नभएको पाइयो ।

अध्ययनपछि रोजगारीको ग्यारेन्टी नहुनाले दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा कमि भएको देखियो ।  सानै उमेरदेखि पारिवारिक बाध्यताका कारण दलित विद्यार्थीरुले श्रममूलक आयआर्जन तर्फ लाग्नुपर्ने अवस्थाले गर्दा सिकाइ उपलब्धिमा कमि देखिन्छ । दलित अभिभावकहरुका छोराछोरीको संख्या बढी भई ठूलो परिवारलाई धान्नुपर्ने भएको हुँदा सबै छोराछोरीलाई विद्यालय पठाउन नसकेका कारणले गर्दा सिकाइ उपलब्धिमा कमि देखिन्छ । अधिकांश दलित अभिभावकहरु आर्थिकरुपले निम्न तथा निम्न मध्यम वर्गका भएका कारण आाश्यक मात्रामा खर्च तथा पाठ्य र शैक्षिक सामग्रीहरुको व्यवस्था गर्न नसक्ने अवस्थाले सिकाइ उपलब्धिमा कमि देखिन्छ । समयमा पाठ्य तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्न नसक्दा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि कमजोर रहेको देखियो । सरकारी पक्षबाट दलितका नाममा दिईदै आएको आर्थिक सुविधा (छात्रवृति) समय सापेक्ष अत्यन्त न्यून रहेको हुँदा त्यसले खासै प्रभाव पार्न नसकेको र वितरण प्रक्रिया समेत पारदर्शी र प्रभावकारी हुन सकेको छैन । विद्यालय अपायक तथा टाढा भएका कारण लामो बाटो हिँडेर अध्ययन गर्नुपर्दा सिकाइ उपलब्धि न्यून भएको देखिन्छ । कक्षागत शिक्षण सिकाइ क्रियाकलापमा दलित बिद्यार्थीहरुको सहभागिता कमजोर रहेको र शिक्षकहरुबाट उनीहरुलाई विशेष ध्यान र अवसर नदिएकोले सिकाइ उपलब्धिमा कमि भएको पाइयो । विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कन परिपाटी नभएको हुँदा विद्यार्थीको सिकाइ उपलब्धिलाई समयमै सुधार गर्न नसकिएको आदि प्राप्तिहरु रहेका छन् ।

## ५.२ निष्कर्ष

वालंखा र वयांग स्रोतकेन्द्रको निम्न माध्यामिक तह उत्तीर्ण परीक्षामा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु के कस्तो छ र त्यसमा के कस्ता सकारात्मक तथा नकारात्मक पक्षहरु रहेका छन् भनी प्रस्तुत अध्ययन अनुसन्धान गर्ने क्रममा छनौटमा परेका ४ वटा मा.वि., २ वटा नि. मा.वि.हरुको २०६६, २०६७ र २०६८ को जिल्लास्तरीय परीक्षाका दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ । जिल्लास्तरीय परीक्षाको नतिजामा आधारित सिकाइ उपलब्धि हाजिरी अभिलेख अध्ययनका साथै प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरुको राय बुझ्न विषयगत र वस्तुगत प्रश्नावली प्रयोग गरी त्यसको नतिजा विश्लेषणबाट हेर्दा नतिजाले व्यावहारिक तादात्म्यता राखेको देखिन्छ ।

निर्णयात्मक मूल्याङ्कन परिपाटीबाट उपलब्धि स्तर मापन गर्ने हाम्रो शैक्षिक परिपाटी कति सफल कति असफल बहसको विषय बनेपनि प्रस्तुत अध्ययनको मूल आधार यही नै रहेको छ । निर्णयात्मक मूल्याङ्कन परिपाटी सरह भरपर्दो यो पद्धति नभए पनि परम्परागत नतिजा निकाल्न भने सहयोगी बनेको छ ।

यस अध्ययनले प्राप्त गरेको तथ्य भनेको विद्यार्थीको औसत सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु पत्ता लगाई निराकरणको उपाय सुझाउनु रहेको छ । उक्त हुनमा गरिबी, अशिक्षा, शैक्षिक चेतनाको अभाव, रोजगारीको सुनिश्चितता नहुनु विद्यालयको वातावरण प्रभावकारी नहुनु, अनुकूल शैक्षिक वातावरण नहुनु जस्ता तथ्यहरु तथ्याङ्क विश्लेषणबाटै स्पष्ट भई सकेको छ ।

अन्य जाति भन्दा शिक्षाको पहुँचदेखि बाहिर रहेका दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि वास्तममै चुनौतीपूर्ण विषय हो । यस अध्ययनबाट दलित विद्यार्थीहरुको अझै पनि सिकाइ उपलब्धि कमजोर हुनु र शिक्षाबाट टाढै रहनुमा तथ्याङ्क विश्लेषणका आधार समेतबाट मुख्यतः निम्न कारणहरु सारको रुपमा प्रस्तुत गरिएको छ ।

(क) आर्थिक कारण

(ख) सामाजिक कारण

(ग) शैक्षिक कारण

(घ) अन्य

(क) आर्थिक कारण

वालंखा र वयांग स्रोतकेन्द्रका दलितहरुको आर्थिक अवस्था मुख्यतः निम्नमध्यम र निम्न देखिएबाट प्रमुख समस्या नै यही रहेको देखिन्छ । अधिकांश दलितहरु श्रममूलक परम्परागत पेशामा सम्लग्न हुनुका साथै अर्काको घरमा बनिबूतो गरेर जिवीका गर्ने, श्रममूलक कार्यहरुमा सहयोग पुऱ्याउने, भरिया तथा कुल्लीको रुपमा काम गरी दैनिक जीविका गर्ने हुँदा आफ्ना छोराछोरीहरुको अध्ययन भन्ने कुरा बिलासी वस्तुको रुपमा मात्र रहेको पाइन्छ । एकातर्फ बाबुआमा अर्काको घरमा बनिबूतो गर्न तथा मजदूरीमा जानाले घरको काममा दलित विद्यार्थीहरु लाग्नुपर्ने तथा जीविकाका लागि बिहान बेलुका समेत शारीरिक परिश्रम गर्नु पर्दा र श्रम गर्दै अध्ययन गर्दा सिकाइ उपलब्धिमा प्रभाव परेको देखिन्छ । सरकारी क्षेत्रमा दिइएको सुविधा समेत नाम मात्रको हुनाले यस्तो भएको हो ।

(ख) सामाजिक कारण

अझैसम्म पनि दलितका छोरा छोरीहरुको पेशा परम्परागत कार्य नै हो तसर्थ साक्षरसम्म भए पुग्छ, माथिल्लो योग्यताको आवश्यकता छैन भन्ने धारणा सामाजिक मान्यताको रुपमा रहेको छ भने दलित मानिसहरुमा समेत मैले पढेर केही गर्छु भन्ने आत्मविश्वास देखिदैन । पढदै गएमा परम्परागत सीप समेत हुँदैन र पछि जीविका गर्न कठिन हुन्छ भन्ने अघुताभास दलित समाजमै व्याप्त देखिन्छ । समाजका अन्य जातिले समेत दलित जातिको उच्च अस्तित्व आत्मैदेखि स्वीकार्न नसकिरहेको परिप्रेक्ष्यमा काहीबाट पनि प्रोत्साहन तथा हौसला प्राप्त हुन सक्दैन साथै विद्यालयको परिवेश समेत अप्रत्यक्ष रुपमा प्रतिकूल हुन पुग्दछ । फलस्वरुप दलितहरुको सिकाइ उपलब्धि बृद्धि गर्न ठूलै संघर्ष र त्यागको आवश्यकता महसुस हुन्छ ।

(ग) शैक्षिक कारण

दलित विद्यार्थीहरुका अधिकांश अभिभावकहरु सामान्य साक्षर मात्र भएको तथ्य तथ्याङ्क विश्लेषणबाटै स्पष्ट भएको छ । यसबाट दलितहरुमा अशिक्षा र चेतनाको अभावमा आफ्नै समाजभित्रको कुरीति, अन्ध विश्वास र आचरणले दलित अभिभावकहरुमा आफ्ना छोराछोरीहरुलाई माथिल्लो तहसम्म पढाउनु पर्ने शैक्षिक चेतनाको अभाव रहेको पाइन्छ ।

छोराछोरी विद्यालय पठाइ हाले पनि नियमित रुपमा दैनिक विद्यालय नपठाउने, बिहान-बेलुका पढ्न नलगाउने, आफ्ना छोराछोरीको उपलब्धिबारे जानकारी नलिने, घरमा शैक्षिक वातावरण नदिने जस्ता कार्यहरु हुन पुगेको छ। जसले गर्दा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि बृद्धि गर्ने कुरामा ठूलो असर पारेको देखिन्छ।

(घ) अन्य कारणहरु

आर्थिक, सामाजिक र शैक्षिक अवस्थाका अतिरिक्त दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने अन्य कारणहरु पनि पाइन्छन्। दलित जातिको बस्ती सामान्यतः अनकन्टार गाउँमा हुनाले धेरै समय लगाएर विद्यालय जानु पर्ने, डेराबसेर अध्ययन गर्न सक्ने अवस्था नहुने, भविष्यको रोजगारीको ग्यारेन्टी नहुने, अव्यावहारिक शिक्षा र आत्मा विश्वासको अभाव जस्ता पक्षहरुबाट समेत दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि प्रभावित हुन पुगेको देखिन्छ।

अतः सामाजिक, आर्थिक, शैक्षिक जस्ता विभिन्न समस्यावाट ग्रसित दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि कमजोर भएको  अवस्थामा हरेक क्षेत्रबाट आरक्षण तथा सचेतनात्मक पक्षको विकास गर्दै गरिवी निवारण तर्फ सबै पक्ष लाग्न सके मात्र दलित विद्यार्थीहरुले पनि अन्य विद्यार्थी सरह सिकाइ उपलब्धि बृद्धि गर्न सक्ने तथ्य छर्लङ्ग हुन्छ।

## ५.३ सुझाब

यस अध्ययनका लागि विभिन्न पक्षहरुबाट लिइएका तथ्याङ्क, जानकारी, राय, सुझाब, स्थलगत छलफल, सर्भेक्षणका तथ्यगत प्रमाण तथा विभिन्न विज्ञहरुद्वारा लिखित लेख रचना समेतका आधारमा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि बृद्धि गरी दलित समुदायकै विकास तर्फ अग्रसर हुन आवश्यक देखिन्छ। उल्लेखित विभिन्न तथ्य तथ्याङ्कका आधार र वालंखा र वयांग स्रोतकेन्द्रको समसामयिक भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक आदि परिवेश भित्र रहेर सामान्यीकरण गर्दै निम्न सुझाब तथा सिफारिस कार्यान्वयन गर्न सकिएमा निश्चय नै दलित विद्यार्थीहरुका सिकाइ उपलब्धि बृद्धि गर्न सकिन्छ।

सुझाब तथा सिफारिसहरु विद्यालयहरुमा तहगत रुपमा न्यूनतम् र विषयगत दरबन्दी व्यवस्था गर्न सकेमा मात्र सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ। विद्यालयमा कार्यरत शिक्षकहरुलाई तालिमप्राप्त बनाउन सकेमा र तालिम प्राप्तलाई समेत निरन्तर पुनर्ताजगी तालिम दिएमा शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन सकिन्छ। कक्षाकोठाको शिक्षण

सिकाइ क्रियाकलाप विद्यार्थी केन्द्रित र व्यावहारिक हुन सकेमा दलित विद्यार्थीको सिकाइमा अधिकतम् उपलब्धि प्राप्त गर्न सकिन्छ । विद्यालय र कक्षा क्रियाकलापमा दलित विद्यार्थीहरुलाई विशेष ध्यान दिई सहभागी गराउन सकेमा उत्साह जनक ढंगले सिक्ने अवसर सृजना हुनजान्छ । समाजका सदस्यहरु, प्र.अ., शिक्षक, र अन्य जातिका विद्यार्थीहरु समेतले हौसला प्रदान गरी अवसर सिर्जना गर्न प्रयत्न गरेको खण्डमा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि बड्न  सक्छ । दलित जातिका अभिभावकहरुमा शैक्षिक चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी चेतना अभिबृद्धि गर्न सकेमा छोरा छोरीको सिकाइ उपलब्धिमा सुधार ल्याउन सकिन्छ । दलित अभिभावकहरुमा शैक्षिक चेतना अभिवृद्धि गराई शिक्षाको महत्व महसुस गराउन सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिनुपर्दछ ।  विद्यार्थीहरुलाई विद्यालय बाहेक घरमा समेत अध्ययन गर्ने वातावरण सिर्जना गर्नु पर्दछ ।

सबै दलितहरुको सहभागिता हुन सक्ने गरी शिक्षाको पहुँचमा विशेष जोड दिइनु पर्दछ । अत्यन्त टाढाबाट धाएर अध्ययन गर्ने, दलित विद्यार्थीहरुका लागि निःशुल्क दलित छात्राबास र निःशुल्क खाना समेत व्यवस्था गरिनुपर्दछ । माध्यमिक तहसम्मको शिक्षालाई कानूनी रुपमै अनिवार्य गरिनुपर्दछ । दलित जातिहरुको उत्थानका लागि सरकारी क्षेत्रबाट एकीकृत विकास योजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्दछ । स्थानीय क्षेत्रका हरेक पक्षहरुमा दलितहरुको अनिवार्य सहभागिता रहने गरी ऐन नियमहरुको व्यवस्था गरिनुपर्दछ । स्थानीय निकायहरुबाट विनियोजित हुने बजेटको एउटा निश्चित प्रतिशत दलित जातिको विकासका लागि लगाउने गरी कानूनी व्यवस्था गरिनु पर्दछ । दलित जातिको परम्परागत पेशालाई आधुनिकीकरण गरी सम्मानपूर्ण बनाउन प्रयत्न गरिनुपर्दछ । सामाजिक भेदभाव हटाउनका लागि व्यापक रुपमा प्रचार प्रसार गोष्ठीहरुको आयोजना गरी दलित समुदायको मनोवल उच्च राख्ने र अन्य जातिका मानिसहरुको भावनामा परिवर्तन ल्याउनुपर्दछ । दलित जातिका लागि गरिबी निर्मूल हुने गरी एकीकृत कार्यक्रमहरु सञ्चालन गरी आय आर्जनका अवसरहरु सृजना गर्नुपर्दछ । दलित विद्यार्थीका अभिभावकहरुका लागि रोजगारीका अवसरहरुको व्यवस्था गरिनुपर्दछ । व्यावहारिक, सीपमूलक र रोजगारमुखी शिक्षाको व्यवस्था गरिनुपर्दछ । दलित विद्यार्थीहरुका लागि रोजगारीको ग्यारेन्टी गरिनुपर्दछ । राज्यका सबै पक्षहरुमा दलितहरुले सहभागी हुन पाउनेगरी आरक्षणको व्यवस्था गरिनुपर्दछ । हाल वितरण गरिदैं आएको छात्रवृतिको रकम न्यून देखिएकोले समय सापेक्ष बृद्धि गरी आकर्षक बनाइनुका साथै कपि, कलम, पुस्तक र पोशाक समेत पुग्ने गरी व्यवस्था

गरिनुपर्दछ ।  तल्लो कक्षादेखि नै उच्च सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा जोड दिइनुपर्दछ । छोरा छोरीहरुलाई विद्यालय पठाउने दलित अभिभावकहरुलाई प्रोत्साहन कार्यक्रम ल्याइनुका साथै सम्मान गर्ने व्यवस्था गरिनुपर्दछ । दलित विद्यार्थीहरुका लागि आवश्यक पर्ने पाठ्य, सन्दर्भ र शैक्षिक सामग्रीहरुको व्यवस्था सरकारी निकायबाट गरिनु पर्दछ । सिकाइ उपलब्धि लेखाजोखा गर्न अनुसन्धानात्मक तथा निर्माणात्मक मूल्याङ्कन परिपाटी अपनाउनु पर्दछ ।

माथिको  सुझाबहरुलाई स्थानीय तहदेखि नै प्राथमिकताका साथ अगाडि वढाउन सकेका खण्डमा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि बृद्धि हुन जाने कुरामा आशावादी हुन सकिन्छ ।

# सन्दर्भ सूची

*अवस्था प्रतिवेदन* (२०६५/०६६), भोजपुर जिल्ला शिक्षा कार्यालय ।

*आवधिक जिल्ला विकास योजना,* भोजपुर जिल्ला विकास समिति ।

कार्की, उपेन्द्रकुमार (२०४९), *शिक्षाको आधार,* काठमाडौ भृकुटी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं, स्टुडेन्ट्स् बुक्स पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स ।

चार दिने लैङ्गिक, *साँस्कृतिक सचेतना तालिम कार्यक्रम* (२०६३), शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी भक्तपुर ।

*जिल्ला शिक्षा योजना (२०६१-०६६),* भोजपुर जिल्ला शिक्षा कार्यालय ।

श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार किरणराम (२०५८), काठमाडौं *शिक्षामा मापन तथा मूल्याङ्कन,* भोटाहिटी ज.ब.रा स्वयंप्रकाश ।

झा, प्रो. हरिवंश (२०००), *नेपालमा दलित उत्थानका रणनीतिहरु,* सेन्टर फर इकोनोमिक एण्ड टेक्नीकल स्टडिज र फ्रेडेरिक इवर्ट स्टिफ्टुङ्ग ।

थापा, गोर्खबहादुर (२०५८), *हुम्ला जिल्लाका प्राथमिक विद्यालयमा दलित समुदायको शैक्षिक स्थितिमा प्रभाव पार्ने तत्वहरु* : एक अध्ययन, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल, स्नातकोत्तर शोधपत्र, अप्रकाशित कृति ।

थापा, रामबहादुर (२०६१), *धनकुटा जिल्लाको निम्नमाध्यामिक शिक्षा उत्तीर्ण परीक्षाको परिणाममा प्रभाव पार्ने तत्वहरु* : एक अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल, अप्रकाशित कृति ।

*दलित तथा जनजाति समुदायका विशेषत* (२०६३), *महिलालाई शिक्षाको मूल प्रबाहमा समाबेश गर्ने कार्यक्रम कार्यान्वयन पुस्तिका,* सानोठिमी, भक्तपुर शैक्षिक जनशक्ति विकास केन्द्र ।

*नेपाल अधिराज्यको संविधान* (२०४७) काठमाडौं, कानून किताव व्यवस्था समिति ।

न्यौपाने, शुष्मा (२०६२), *सामुदायिक एवं संस्थागत विद्यालय अन्तरगत कक्षा ८ को जिल्ला स्तरीय परिक्षाको गणित विषयमा विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन :* भक्तपुर जिल्लाको सन्दर्भमा, त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, काठमाडौं शिक्षा क्याम्पस, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

कोइराला (२०६३) *"संविधानसभा, राज्यको पुनर्संरचना र दलित"* केन्द्रीय कार्यालय टेकू राष्ट्रिय दलित महासंघ ।

शर्मा एण्ड शर्मा (२०६३), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौं लुम्बिनी पुस्तक भण्डार ।

सागर डि.वि.(२०००), *नेपालमा दलित उत्थानका जल्दावल्दा सवालहरु* काठमाडौं राष्ट्रिय पत्रिका ।

पौडेल, लेखनाथ (२०५१), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाडौं प्रतिभा पुस्तक भण्डार ।

वाग्ले डा. मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०५३), *शिक्षाको आधार,* काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

*वार्षिक रणनीतिक कार्यान्वयन योजना र बजेट (२०६३/०६४),* भोजपुर जिल्ला शिक्षा कार्यालय ।

शर्मा, गोपीनाथ (२०५६), *नेपालको शैक्षिक इतिहास,* काठमाडौं लुम्बिनी पुस्तक भण्डार ।

*शैक्षिक झलक भोजपुर,* वर्ष १, अंक ४  (२०६३), भोजपुर  जिल्ला शिक्षा कार्यालय ।

*समावेशी मञ्च* वर्ष १, अंक १ (२०६३), नेपाल राष्ट्रिय दलित महासंघ ।

*समावेशी मञ्च,* वर्ष १ अंक २ नेपाल राष्ट्रिय दलित महासंघ ।

# अनुसूची

## दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

### अध्ययन क्षेत्रका विद्यार्थीहरुको नामावलीहरु

| क.सं | शिक्षकहरुको नाम | विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| १. | दिनेश बिक | श्री पंचकन्या मा. वि. वासिङ्ग |
| २. | लक्ष्मी बिक | श्री पंचकन्या मा. वि. वासिङ्ग |
| ३. | बाबुराम परीयार | श्री पंचकन्या मा. वि. वासिङ्ग |
| ४. | ध्रुवराज बिश्वकर्मा | श्री पंचकन्या मा. वि. वासिङ्ग |
| ५. | नविन वि.क. | श्री चण्डेश्वर मा. वि. वालंखा |
| ६. | देवबहादुर बिक | श्री चण्डेश्वर मा. वि. वालंखा |
| ७. | राजन बिक | श्री चण्डेश्वर मा. वि. वालंखा |
| ८. | सुमन बिक | श्री चण्डेश्वर मा. वि. वालंखा |
| ९. | निरामाया बिक | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| १०. | कनकसिं सार्की | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| ११. | सरस्वती बिक | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| १२. | पम्फा बिक | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| १३. | पम्फा विक | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्ग |
| १४ | लक्ष्मी बिक | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्ग |
| १५. | राजकुमार बिक | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्ग |
| १६. | प्रमिला बिक | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्ग |
| १७. | गंगा विक | श्री शिक्षाक्षमाकन्या.मा.वि.वयाङ्ग |
| १८. | पार्वती रसाईली | श्री शिक्षाक्षमाकन्या.मा.वि.वयाङ्ग |
| १९. | डिल्लीकुमार परियार | श्री शिक्षाक्षमाकन्या.मा.वि.वयाङ्ग |

२०　.सुमन बिक　श्री शिक्षाक्षमाकन्या.मा.वि.वयाङ्क

२१.　नरेन बिक　श्री सरस्वती.मा.वि.दुम्माना

२२.　अनिश परियार　श्री सरस्वती.मा.वि.दुम्माना

२३.　डम्वरे बिक　श्री सरस्वती.मा.वि.दुम्माना

२४.　वलबहादुर बिक　श्री सरस्वती.मा.वि.दुम्माना

# दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

## अनुसुचीहरु

### अध्ययन क्षेत्रका प्र.अहरुको नामावलीहरु

| क.सं | प्र.अ.हरुको नाम | विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| १. | जयकुमार राई | श्री पंचकन्या मा. वि. वासिङ्क |
| २. | गोविन्दप्रसाद पराजुली | श्री चण्डेश्वर मा. वि. वालंखा |
| ३. | भवेन्द्रप्रसाद घिमिरे | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| ४ | प्रकाश राई | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्क |
| ५. | वमबहादुर वस्नेत | श्री शिक्षाक्षमाकन्या.मा.वि.वयांग |
| ६. | नागेन्द्र यादव | श्री सरस्वती.मा.वि.दुम्माना |

### अध्ययन क्षेत्रका शिक्षकहरुको नामावलीहरु

| क.सं | शिक्षकहरुको नाम | विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| १. | मिनकुमार राई | श्री पंचकन्या मा. वि. वासिङ्क |
| २. | कपिलप्रसाद गुरागाई | श्री चण्डेश्वर मा. वि. वालंखा |
| ३. | प्रदिपकुमार यादव | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| ४ | विष्णुप्रसाद रिजाल | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्क |
| ५. | अर्जुन नेपाल | श्री शिक्षाक्षमाकन्या.मा.वि.वयाङ्क |
| ६. | भोजराज तिमल्सेना | श्री सरस्वती.मा.वि.दुम्माना |

# अध्ययन क्षेत्रका अभिभावकहरुको नामावलीहरु

| क.सं | शिक्षहरुको नाम | विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| १. | कृष्ण परियार | श्री पंचकन्या मा. वि. वासिङ्ग |
| २. | छत्रबहादुर विक | श्री पंचकन्या मा. वि. वासिङ्ग |
| ३ | नविन वि.क. | श्रीचण्डेश्वर मा. वि. वालंखा |
| ४. | देवबहादुर बिक | श्रीचण्डेश्वर मा. वि. वालंखा |
| ५ | रुद्रबहादुर बिक | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| ६. | जनकसिं सार्की | श्री लक्ष्मी नि. मा. वि. पांचा |
| ७. | भौदल बिक | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्ग |
| ८. | वलबहादुर बिक | श्री शिक्षाज्योती नि.मा.वि.पसलभन्ज्याङ्ग |
| ९. | कल्याणबहादुर बिक | श्री शिक्षाक्षमाकन्या.मा.वि.वयाङ्ग |
| १०. | राजेश परियार | श्री शिक्षाक्षमाकन्या.मा.वि.वयाङ्ग |
| ११. | नरेन बिक | श्री सरस्वती.मा.वि.दुम्माना |
| १२. | अनिश परियार | श्री सरस्वती.मा.वि.दुम्माना |

# दलित विद्यार्थीहरुको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरु

## अनुसुचीहरु ग,घ,ङ,च

## प्र.अ.संग सोधिने प्रश्नावलीहरु

शिक्षकको नाम :-

ठेगाना:- विद्यालयको नामः- मितिः-

(१) प्र.अ. पद सम्माल्नु भएको कति वर्ष भयो ?

उत्तर

(२)कुन तहको शिक्षक पदमा काम गर्नु हुन्छ ?

उत्तरः

(३) तपाइको योग्यता कति होला ?

उत्तरः

(४) तपाइले कुन कुन तालिम लिनु भएको छ ?

उत्तरः

(५) नि.मा.वि.तहमा कार्यरत शिक्षक संख्या कति हुनुहुन्छ ?

उत्तरः

(६) तहगत र विषयगत दरवन्दि पूरा नभए कसरी अध्यापन गराउनु हुन्छ ?

उत्तरः

(७) नतिजा विष्लेषण गर्ने गर्नु भएको छ ?

उत्तरः

(८) दलित जातिका विद्यार्थीको स्थिति कस्तो छ ?

(क)उच्च (ख)मध्यम (ग) निम्न मध्यम (घ)निम्न

(९) दलित जातिका विद्यार्थीको विद्यालयीय क्रियाकलापहरुमा सहभागिता कस्तो छ ?

(१०) दलित जातिका विद्यार्थीहरु विद्यालयमा कम उपस्थिती हुनुका कारणहरु के के होलान?

(क)गरिवी (ख)अभिवावक चेतनाको कमी

(ग)घरायसी काममा व्यास्त हुनु (घ)मजदुरी गर्न जानु

(११) दलित जातिका विद्यार्थीहरुका सि.उ.मा प्रभाव पार्ने कारक तत्वहरु के के होलान् ?

(क) (ख)

(ग) (घ)

(१२) दलित विद्यार्थीहरुको सि.उ.मा देखिएका समस्याहरु के के हुन ?

(क) (ख)

(ग) (घ)

(१३) दलित जातिका विद्यार्थीहरुको सि.उ.मा देखिएका समस्या समाधानका उपायहरु के के अवलम्वन गर्नु पर्ला ?

(क) (ख)

(ग) (घ)

## शिक्षकसंग सोधिने प्रश्नावलीहरु

शिक्षकको नाम :-

ठेगानाः- विद्यालयको नामः- मितिः-

(१) प्र.अ. पद सम्माल्नु भएको कति वर्ष भयो ?

उत्तर

(२) कुन तहको शिक्षक पदमा काम गर्नु हुन्छ ?

उत्तरः

(३) तपाइको योग्यता कति होला ?

उत्तरः

(४) तपाइले कुन कुन तालिम लिनु भएको छ ?

उत्तरः

(५) परिक्षाको नतिजा र दलित विद्यार्थीको सिकाइ उपलब्धिमा के भिन्नता रहेकोछ ?

उत्तरः

(६) दलित विद्यार्थीहरुको सि.उ.कस्तो पाउनु भएको छ ?

(क)उच्च (ख)मध्यम (ग) निम्न मध्यम (घ)निम्न

(७) दलित विद्यार्थीहरुको सि.उ.न्युन हुनुमा कसलाई वढि जिम्मेवारी ठान्नुहुन्छ ?

(क)शिक्षक (ख) प्र.अ. (ग) अभिभावक (घ)विद्यार्थी

(८) दलित जातिका विद्यार्थीको स्थिति कस्तो छ ?

(क)उच्च (ख)मध्यम (ग) निम्न मध्यम (घ)निम्न

(९) दलित जातिका विद्यार्थीहरु विद्यालयमा कम उपस्थिती हुनुका कारणहरु के के होलान् ?

(क)गरिवी (ख)अभिवावक चेतनाको कमी

(ग)घरायसी काममा व्यास्त हुनु (घ)मजदुरी गर्न जानु

(१०) दलित जातिका विद्यार्थीको विद्यालयीय क्रियाकलापहरुमा सहभागिता कस्तो छ ?

उत्तरः

(११) दलित जातिका विद्यार्थीहरु विद्यालयमा कम उपस्थिती हुनुका कारणहरु के के होलान्?

(क)गरिवी (ख)अभिवावक चेतनाको कमी

(ग)घरायसी काममा व्यास्त हुनु (घ)मजदुरी गर्न जानु

(१२) दलित विद्यार्थीहरुको सि.उ.मा देखिएका समस्याहरु के के हुन् ? (

क) (ख)

(ग) (घ)

(१३) दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने कारक तत्वहरु के के हुन् ? बुधागत रुपमा लेख्नुहोस् ।

उत्तरः

(१४) दलित जातिका विद्यार्थीहरुको सि.उ.मा देखिएका समस्या समाधानका उपायहरु के के अवलम्वन गर्नु पर्ला ? बुधागत रुपमा लेख्नुहोस् ।

उत्तरः

## अभिभावकसंग सोधिने प्रश्नावलीहरु

(१) तपाइका कति जना छोरा छोरी छन् ?

(क)१ जना (ख)२ जना (ग)३ जना (घ)३ भन्दा वढि

(२) तपाइको योग्यता कति होला ?

(क)साक्षर (ख) प्रा. वि. (ग)नि.मा.वि. (घ) मा.वि. (ङ.) क्याम्पस

(३) तपाइको आर्थिक अवस्था कस्तो छ ?

(क)उच्च (ख) मध्यम (ग)निम्न मध्यम (घ) निम्न

(४) तपाईले आफ्ना केटाकेटीहरुलाई विद्यालय पठाउनु भएको छ ?

(क) छ (ख)छैन (ग)केहीलाई

(५) तपाईले केटाकेटीहरुलाई नियमित रुपमा विद्यालय पठाउन नसक्नुका कारणहरु के के हुन् ?

(क) घरमा काम भएर (ख) आफु काममा जानु पर्ने भएर

(ग) भाई वहिनी हेर्नू पर्ने भएर (घ) रोजगारीका लागि पठाउनु पर्ने भएर

(६) तपाईले घरमा पनि पढ्न लगाउने गर्नु भएको छ ?

(क) सधै छ (ख) छैन (गं केहीलाई छ

(७) तपाइले सबै छोरा छोरीलाई विद्यालय पठाउने गर्नु भएको छ ?

(क) छात्रावृत्ति (ख) समान व्यावहार (ग) सरकारले जिम्मा लिएमा (घ) अन्य

(८) दलित जातिका विद्यार्थीहरुका सि.उ.मा प्रभाव पार्ने कारक तत्वहरु के के होलान् ?

(क) (ख)

(ग) (घ)

(९) दलित विद्यार्थीहरुको सि.उ.मा देखिएका समस्याहरु के के हुन् ?

(क) (ख)

(ग) (घ)

(१०) दलित जातिका विद्यार्थीहरुको सि.उ.मा देखिएका समस्या समाधानका उपायहरु के के अवलम्वन गर्नु पर्ला ?

(क) (ख)

(ग) (घ)

(११) तपाइका छोरा छोरीहरुलाई नियमित विद्यालय पठाउनका लागि के कस्तो सहयोगको आवाश्यकत्ता ठान्नुभएको छ ?

उत्तरः

# अनुसूची छ

## विद्यार्थीसंग सोधिएका प्रश्नावली

(१) कति जना दाजु भाई दिदी वहिनीहरु छन् ?

(क) १ जना (ख) २ जना (ग) ३ जना (घ) ३ भन्दा माथि

(२) तपाईको आर्थिक अवस्था कस्तो छ ?

(क) उच्च (ख) मध्यम (ग) निम्न मध्यम (घ)निम्न

(३) अरु साथीहरु जत्तिकै सवै विषयमा तपाईले प्राप्ताङ्क पाउने गर्नु भएको छ ?

(क) छ (ख) केही कम (ग) छैन

(४)अरु साथी जतिकै विद्यालयको अध्ययनमा अवसर पाउनु भएको छ ?

(क) छ (ख) छैन (ग) सामान्य (ख) न्युन

(५) अन्य जातिका साथीले तपाईलाई कस्तो व्यावहार गर्दछन् ?

(क) समान (ख) असमान (ग) हेलत्व (घ) तुच्छ

(६) विद्यालयका शिक्षकहरुले तपाईलाई कस्तो व्यावहार गर्नुहुन्छ ?

(क) विभेदपुर्ण (ख) अरुसमान (ग) अरुलाई भन्दा राम्रो (घ) नराम्रो

(७) अन्य साथीहरु सरह अध्ययन र अन्य क्रियाकलापहरुमा सहभागी हुन पाउनु भएको छ ?

(क) अन्य भन्दा धेरै (ख) ठिकै (ग) सामान्य (घ) न्युन

(८) अन्य साथीहरु सरह प्राप्ताङ्क ल्याउन नसक्नुमा के के कारणहरु देख्नुभएको छ ?

(क) अनियमितता (ख)अरुको दुरव्यावहारले (ग) पढ्न नपाएर (घ) आर्थिक कमजोर भएर

(९) अध्ययनमा शिक्षकहरुवाट के कस्तो सहयोग पाउने गर्नु भएको छ ?

(१०) दलित विद्यार्थीहरु पढाई छाड्छन् किन ?

(११) सि.उ बृद्धि गर्न अभिभावक र घरपरिवारवाट कस्तो कस्तो सहयोग पाउनु भएको छ ?

(१२) के के सहयोग पाएमा तपाईको अध्ययनमा सहयोग पुग्छ भन्ने लाग्छ ?